जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com



छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



**बालविवाह सामाजिक र कानूनी अपराध हो ।**

- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपरोध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष २५ •अंक १७३ • २०७९ साल मंसिर २ गते शुक्रबार (18 November, Friday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-


## निधिसँगै खुले कांग्रेसका नेता

# धनुषाको ४ वटै क्षेत्रमा गठबन्धनलाई लाभ

**टुडे समाचारदाता**

जनकपुरधाम ।नेपाली कांग्रेसका नेता विमलेन्द्र निधि खुलेसँगै धनुषाका चारवटै निर्वाचन क्षेत्रमा गठबन्धनका उम्मेदवारहरुलाई प्रत्यक्ष लाभ मिलेको बताइएको छ ।

धनुषाको निर्वाचन क्षेत्र नम्बर १ मा नेता निधिको उपस्थितिमा गठबन्धन दलका अगुवा कार्यकर्ताहरुको विहीबार भएको भेलाले कांग्रेसका नेताहरुमा सक्रियता बढेको छ ।

> **चुनावीसभालाई सम्बोधन गर्दै उनले नागरिकता समस्या समाधान पाँच दलीय गठबन्धन दलबाट नै सम्भव रहेको बताएका हुन् ।**

जनता समाजवादी पार्टी( जसपा)का उम्मेदवार दीपक कार्कीसित प्रतिस्पर्धामा रहेका मातृका यादवलाई जित सहज भएको छ ।

कांग्रेसका मत चोरेर जित हात पार्ने दाउमा रहेका कार्कीका लागि अब फलामको च्यूरा भएको छ । एमालेको मत जनमत पार्टीका उम्मेदवार किशोरी साहको हर्न छापमा बढी पर्ने दाबी उनीहरुले गरेका छन् ।

लक्ष्मीनियाँ बजारमा आयोजित गठबन्धनको विशाल सभामा निधिले नागरिकता समस्या समाधान गर्न गठबन्धन जित्नु पर्ने बताए। चुनावीसभालाई सम्बोधन गर्दै उनले नागरिकता समस्या समाधान पाँच दलीय गठबन्धन दलबाट नै सम्भव रहेको बताएका हुन् ।

नागरिकता नहुँदा नागरिकले भोग्नु पर्ने समस्या बारे उल्लेख गर्दै ५/६ लाख नागरिक एमाले पार्टीकै कारण नागरिकताबाट बञ्चित भएको उनले जिकिर गरे । नागरिकता समस्या पाँच दलीय गठबन्धनको नेताहरुले समाधान गर्न खोजेपनि एमालेले नै रोकेको उनको भनाइ थियो ।

एमाले नेता रघुवीर महासेठ र उनकी श्रीमती जुली महतोप्रति लक्षित गर्दै व्यङ्ग गरे । केही दिन अघि महासेठले 'एक हाथमा सिन्दुर, अर्को हाथमा नागरिकता सम्भव नभएको' दिइएको अभिव्यक्तिप्रति उनले आपत्तिसमेत जनाए ।

## सप्तरी-२ यादव र राउतबीच सोझो प्रतिस्पर्धा

# जसपा अध्यक्ष उपेन्द्र र जनमत अध्यक्ष राउतको शक्ति प्रदर्शन

**टुडे समाचारदाता**

राजविराज ।प्रतिनिधि र प्रदेश सभा निर्वाचनका लागि प्रचारप्रसारको अन्तिम दिन बिहीवार सप्तरीमा जनता समाजवादी पार्टी र जनमत पार्टीले शक्ति प्रदर्शन गरेका छन् । जनता समाजवादी पार्टी (जसपा) नेपाल र जनमत पार्टीले सदरमुकाममा एकै दिन पालैपालो शक्ति प्रदर्शन गरेका हुन् ।

अघिल्लो दिन सप्तरीको प्रतिनिधि सभा क्षेत्र नं. २ को सत्तारुढ गठबन्धनका साझा उम्मेदवार लोसपाका जयप्रकाश ठाकुरले शक्ति प्रदर्शन गरेपछि विहीबार जसपा र जनमतले पनि शक्ति प्रदर्शन गरी मतदातालाई आफ्नो पक्षमा पार्न सम्पूर्ण ताकत लगाएका छन् ।







क्षेत्र-२ मा सत्तारुढ गठबन्धनका साझा उम्मेदवार जय प्रकाश ठाकुर, जसपाका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. सिके राउत बीच मुख्य प्रतिस्पर्धा छ। तर मतदानको तिथि नजिकिएसँगै जनमतका राउत सोझै माथि उक्लेका छन् ।अब प्रतिस्पर्धा यादव र राउतबीच केन्द्रित भएको राजविराज नगरपालिका-२ बाट मतदाता रहेका महेश साहले बताए ।

जसपा अध्यक्ष यादवको नेतृत्वमा स्थानीय राजरंगशालाबाट भारी संख्यामा निस्केको जुलुस नगर परिक्रमा गर्दै पुनः सोही स्थानमा पुगेर चुनावी सभामा परिणत भएको थियो । चुनावी सभालाई सम्बोधन गर्दै अध्यक्ष यादवले मुलुकमा परिवर्तन आए पनि मधेश प्रतिको विभेद अझै कायम रहेको बताए । ५३ प्रतिशत जनसंख्या रहेको मधेशमा ३० प्रतिशतको मात्र सहभागिता रहेको उनले दाबी समेत गरे । 'मधेशको नागरिकताको समस्या अहिले पनि कायमै छ' उनले भने, 'जन्मसिद्धका छोराछोरीले नागरिकता नपाउनु उनीहरुमाथिको अन्याय हो ।'तर नागरिकता सम्बन्धी विधेयकलाई राष्ट्रपतिबाट दुई पटक फिर्ता गराउने एमालेसित अध्यक्ष यादवले चुनावमा गठबन्धन गरेका छन् ।

अध्यक्ष यादवले कृषिको पछौटेपन, बेरोजगारी, शिक्षा क्षेत्रको अस्तव्यस्तता, मधेशको पछौटेपनको मूल कारण रहेको भन्दै आफूहरुले त्यसमा सुधार ल्याउने प्रतिबद्धता व्यक्त गरे ।

जनमत पार्टीका अध्यक्ष डा. सिके राउतको नेतृत्वमा मत माग्दै ठूलो संख्यामा निस्केको जुलुश नगर परिक्रमा गर्दै जनआन्दोलन चोकमा चुनावी सभामा परिणत भएको थियो । सभालाई सम्बोधन गर्दै डा. राउतले मधेशी शहीदको भऱ्याङ्ग चढेर सत्तामा पुगेका शासकहरुले मधेशीको भावनाको अपमान गरेको आरोप लगाए । 'अहिले चलेको जङ्गल राजलाई समाप्त गरी जनताको राज्य स्थापना गर्न जरुरी छ ' राउतले भने, मधेशमा भयावह बेरोजगारीका कारण लाखौं युवा कामका लागि विदेशिने गरेको र बाकसमा तिनको शव आउने गरेकोछ । उनले यस्तो अवस्थालाई मतद्वारा सुधार्न आवश्यक रहेको बताए ।

मधेशलाई स्वतन्त्र राष्ट्र बनाउने नाराबाट चर्चामा आएका राउतले भने एमालेका अध्यक्ष केपी ओली प्रधानमन्त्री रहेको बेला सम्झौता गरी मुद्दालाई विसर्जन गरेको आरोप खेप्नु परिरहेको छ ।

यस क्षेत्रमा मधेशका प्रभावशाली नेताहरु बीचको प्रतिस्पर्धाले चुनावी माहोल निकै तताएको छ । मुख्य प्रतिस्पर्धी मानिएका सत्तारुढ गठबन्धनका ठाकुर, जसपा-एमाले गठबन्धनका यादव र जनमत पार्टीका डा. राउत तीनै जना दबाबमा छन् ।







# मधेशका मुद्दा सम्बोधन हुनुपर्छ : अध्यक्ष ठाकुर

**टुडे समाचारदाता**

जलेश्वर । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का राष्ट्रिय अध्यक्ष महन्थ ठाकुरले राज्यबाट सम्बोधन हुन बाँकी मधेशका समस्यालाई आफूले निर्वाचनमा उठान गरेको बताएका छन् ।



महोत्तरी-३ प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार ठाकुरले चुनावी अभियानबीच विहीवार नागरिकताविहीन अवस्था आउन नदिन आफूले अनवरत प्रयास गरिरहेको बताए ।

उनले भने-'हामीले संविधान लेखन र घोषणाकै बेलादेखि मधेश मुद्दा सम्बोधन भएन भनेर असहमति राख्दै आएका छौँ । यी मुद्दा पूर्ण सम्बोधन नहोउञ्जेल हाम्रो आन्दोलन जारी रहनेछ ।'

अध्यक्ष ठाकुरका अनुसार यसअघिको सरकारले नागरिकता समस्या सम्बोधनको प्रयत्न गरेको देखाए पनि यसभित्र कुटिल दलीय अहंकारको प्रवेशले समाधान हुन सकेन । आफ्नो दलले यो समस्या यथाशक्य चाँडो सम्बोधन होस् भन्ने चाहिरहेको उनको भनाइ छ ।

आफूले निर्वाचन अभियानका क्रममा आम मतदाताबाट उच्च समर्थन पाइरहेको हुँदा जीतमा संशय नरहेको उनको भनाइ छ । हालको पाँचदलीय सत्तागठबन्धनका उम्मेदवार ठाकुरका पक्षमा नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी)ले समर्थन जनाएका छन् ।

महोत्तरी-३ मा यही मङ्सिर ४ गते सम्पन्न हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन-२०७९ का लागि ९९ हजार नौ सय ३० मतदाता छन् । निर्वाचनमा प्रतिनिधिसभाका लागि यस क्षेत्रबाट तीन महिलासहित २१ उम्मेदवार छन् । यसमा स्वतन्त्रको स<del>ं</del>ख्या १० छ । क्षेत्रभरिमा ७८ मतदानस्थलमा एक सय २९ मतदान केन्द्र रहेको जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालय जलेश्वरले जनाएको छ ।

# 'निर्वाचनले लोकतन्त्रलाई सबल बनाउँछ'



काठमाण्डु । लोकतन्त्रलाई सबल बनाउने वैधानिक माध्यम निर्वाचन भएकाले यसलाई उत्साहका रुपमा लिनपर्ने विभिन्न राजनीतिक दलका नेताहरुले प्रतिक्रिया दिनुभएको छ ।

मङ्सिर ४ मा हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा आफ्नो पक्षमा वातावरण बनाउन चुनावी घरदैलोमा रहेका नेताहरुले निर्वाचन लोकतन्त्रको स्वाभाविक प्रक्रिया भएकाले यसलाई पार्टीले उत्साहका रुपमा लिएको बताउनुभएको छ ।

जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवले निर्वाचन लोकतन्त्रका असल अभ्यास र प्रक्रिया भएकाले पार्टी पूर्ण उत्साहका साथ निर्वाचनमा होमिएको बताउनुभयो । उहाँले भन्नुभयो, "निर्वाचनलाई लोकतन्त्रको सामन्य अभ्यासका रुपमा लिएको छु, जनताले आफ्ना प्रतिनिधि चयन गर्ने र सरकार बनाउने माध्यम निर्वाचन नै भएकाले यसले हामीलाई नयाँ ऊर्जा थपेको छ ।'

सप्तरी क्षेत्र २ बाट उम्मेदवार रहनुभएका जसपा अध्यक्ष यादवले निर्वाचनमा पार्टी उत्साहका साथ लागेको र मतदाताको पनि उत्साहजनक सहभागिता रहने विश्वास व्यक्त गर्नुभयो । उहाँले जनमतका लागि मेहनत गरिएकाले निर्वाचनमा सकारात्मक परिणाम आउनेसमेत विश्वास व्यक्त गर्नुभयो ।

निर्वाचन आयोगका अनुसार विहीवार राति १२ बजेपछि मौन अवधि सुरु हुँदैछ । सो मौन अवधिमा कुनै पनि उम्मेदवारले मत माग्न र प्रचारप्रसार गर्न पाउँदैनन् । प्रचार गर्ने आज अन्तिम दिन भएकाले मतदातालाई आकर्षण गर्न उम्मेदवारलाई भ्याइनभ्याइ छ । एकैदिन धेरै कार्यक्रममा सहभागी हुन शीर्षस्त नेताहरुलाई धपेडी परेको छ ।

महोत्तरी क्षेत्र नं ३ बाट चुनावी प्रतिस्पर्धामा रहनुभएका लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का अध्यक्ष महन्थ ठाकुर चुनावी वातावरण बनाउन प्रचारको अन्तिम दिन विहीवार दिनभर घरदैलो तथा विभिन्न छलफल र सभामा सहभागी हुनुभयो । उहाँले निर्वाचनलाई लोकतन्त्रको उत्सवका रुपमा लिनुपर्ने बताउनुभयो ।

लोसपाका वरिष्ठ नेता राजेन्द्र महतोले निर्वाचन लोकतन्त्रमा जनताले प्राप्त गरेको अधिकारको प्रयोग हो भन्दै आवधिक निर्वाचनमार्फत् प्रत्येक पाँच वर्षमा आफ्ना उम्मेद्वार चयन गर्नेगरेको बताउनुभयो । उहाँले यसपटकको निर्वाचनमा मतदाताले अघिल्लो सरकारले के गऱ्यो भनेरभन्दा पनि आफ्ना आवश्यकतालाई स्पष्टरुपमा उम्मेदवारमाझ प्रस्तुत गरेको बताउनुभयो ।

सर्लाही क्षेत्र २ बाट उम्मेदवारी दिनुभएका महतोले भन्नुभयो, "निर्वाचनमा नीतिगत रुपमा एजेण्डा उठेको छैन । जनताको दृष्टिकोण विकासमा केन्द्रित छ । स्थानीय विकास पूर्वाधारका कुराको अपेक्षा गरेका छन् ।'

उहाँले यसपटकको निर्वाचनमा मधेसका मुद्दा नउठेको बताउनुभयो । विगत पाँच वर्ष कुनै पनि अधिकारको सङ्घर्ष नभएकाले मधेसको मुद्दा नउठेको हुनसक्ने उहाँको भनाइ छ । महतोकै क्षेत्रबाट प्रतिस्पर्धीमा नेपाल समाजवादी पार्टीका महेन्द्रराय यादवले पनि प्रतिस्पर्धामा हुनुहुन्छ ।

सिरहा २ बाट उम्मेदवार बन्नुभएका पूर्वमन्त्री राजकिशोरले यादवले चुनावी घरदैलो तथा भेटघाटका क्रममा जनतामा उत्साह रहेको प्रतिक्रिया पाएको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "विगतका जनप्रतिनिधिले काम गरेनन् भन्ने जनताको गुनासो छ, यो पटक उम्मेदवारको चुनावी क्षेत्र बद्लिएको छ । विगतको क्षेत्र हेरेर विकासको लहर आउछ कि भन्ने उहाँको अपेक्षा छ जनअपेक्षालाई पूरा गर्ने गरी निर्वाचित जनप्रतिनिधिले काम गर्नुपर्छ ।'

यादवको अनुभवमा यो पटक निर्वाचन प्रचार शैली फरक भएको र यसले परिवर्तनको आभाष दिएको छ । निर्वाचन आचारसंहिता कडाइकासाथ लागू भएकाले विगतमा भन्दा यो पटकको निर्वाचन प्रचार वैचारिक र व्यावहारिक रहेको उहाँले उल्लेख गर्नुभयो ।

लोसपाका नेताद्वय शरत्सिंह भण्डारीले महोत्तरी क्षेत्र २ र लक्ष्मणलाल कर्णले पर्सा क्षेत्र १ बाट प्रतिस्पर्धा गर्दै हुनुहन्छ । बारा क्षेत्र ३ बाट प्रमोद गुप्ताले उम्मेदवारी दिनुभएको छ । जसपाका सङ्घीय परिषद् अध्यक्ष अशोक राई सुनसरी निर्वाचन क्षेत्र १ बाट उम्मेदवार बन्नुहुने भएको छ । रासस

# 'अचेल मन बिथोलिएको छ'

जनकपुरधाम । देशभर प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको चुनाव लागेको छ, तर रामनरेश यादवलाई तनाव । दिनहुँ हुने चुनावी भेला, भाषण र चहलपहलले गाउँबस्ती गुञ्जायमान छन् तर उहाँको मनमा बेचैनी र उथलपुथल छ । उम्मेदवार, समर्थक र नेता, कार्यकर्ता मतदाता सम्हाल्न व्यस्त छन् तर उहाँकी श्रीमती रानीमती देवी मन सम्हाल्न ।

टोल-टोल र घर-घरमा चुनावी जोडघटाउ चलिरहेको छ तर श्रीनारायण यादवमा भने मनस्थिति खल्बल्याउने गरी विस्मृतिहरू बढिरहेका छन् । सकेसम्म हुलमुल, जमघट र सभा सम्मेलन नदेखे हुन्थ्योजस्तो लाग्ने श्रीनारायणले चुनावी रौनक सुरु भएदेखि नै त्यस्तै चहलपहल देख्नुपरेको छ । यसले विगतका स्मृति र विस्मृतिहरूलाई उप्काएर दिनहुँ बिथोलिरहेको छ ।

ममता चौधरीलाई पनि यस्तै लाग्ने गर्दछ । दुःख घटाउँदै खुसी जोड्ने सपनालाई क्षणभरमै उजाडेको त्यो ठूलो भीड, त्यस्तै भीडहरू देख्दा अहिले पनि यादहरू फर्केर आउने । विसं २०७२ भदौ २५ गते यस्तै थियो, 'चलु जनकपुर भरु जनकपुर' भन्दै घर-घरबाट निस्किरहेका मानिस, संविधानमा मधेसी जनताको भावना समेट्न माग गर्दै घन्किरहेका नारा । त्यही दिन प्रहरीको गोली लागेर लक्ष्मीनिया गाउँपालिका-१ अरेरवाका दिलीप यादव, जनकपुरधाम उपमहानगरपालिका-१९ जमुनियाका नितु यादव र क्षिरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगरका सञ्जय चौधरीले सहादत प्राप्त गरेका थिए । तिनै सहिद दिलीप यादवका बुवाआमा हुनुहुन्छ, रामनरेश यादव र रानीमती देवी । श्रीनारायण यादव सहिद नितु यादवका बुवा र ममता सहिद सञ्जय चौधरीकी बहिनी ।

चुनावी अभियान सुरु भएदेखि नै गाउँघरमा नेताहरूको आगमन बढिरहेको छ । चुनावमा मात्रै फर्किने र गरिने बाचाहरूले यी परिवारलाई फेरि त्यही समयमा फर्काउने गरेको छ, जतिबेला यिनै नेताहरूको आह्वानमा दिलीप, नितु र सञ्जयजस्ता धेरै युवाले ज्यान गुमाएका थिए ।

**'पर लैजाऊ यादहरू'**

आन्दोलनमा गएको छोरो, विभत्स दृश्य र चर्का नारा देखे-सुनेकी आमा रानीमतीलाई त्यस्ता भीडहरूले पुरानो पीडालाई ताजा बनाउने रहेछ । "बिहे व्रतबन्धमा जाँदा त मन भक्कानिन्छ, यो त चुनाव हो, चहलपहल बढ्छ, ठुल्ठूलो स्वरमा नारा घन्किन्छन्", रामनरेशले भन्नुभयो, "छोरोको उमेरका सबै चुनावमा छन्, छोरो बाँचेको भए अरुजस्तै हिँड्थ्यो, चुनावमा लाग्थ्यो । उनीहरूलाई देख्दा छोरोको झल्को आउँछ, सम्हाल्न गाह्रो हुन्छ ।"

पाँचवटा सन्तानमध्ये दिलीप रामनरेशका एक्लो छोरा हुन् । दिलीपको सहादतको बेला उहाँ साउदीमा हुनुहुन्थो । "दिलीप करिब तीन वर्षको थियो । सन्तानको सुन्दर भविष्य बनाउने भनेर विसं २०५९ मा साउदी अरब गएको थिएँ । तर छोराको जिउँदो मुख पनि देख्न पाइनँ । त्यो घटना भएको १३ दिनपछि मात्रै नेपाल आउन पाएँ", रामनरेशले विगत सम्झिनुभयो । "मधेस मुक्तिको लागि छोराले ज्यान गुमाएको हो भनेर आफूलाई सम्हाल्छु तर उनलाई सम्झाउन गाह्रो छ", छेवैमा आँसु टिलपिलाउँदै गर्नुभएकी श्रीमतीतर्फ हेर्दै उहाँले भन्नुभयो, "यस्तो बेला छोराको याद आइहाल्छ । तर के गर्नु सोचेजस्तो भइरहेको छैन !" आफ्नो आँसु लुकाउँदै एकछिन रोकिएर भन्नुभयो, "जे भनेर छोरालाई ज्यान गुमाउन बाध्य पारिएको थियो, त्यो पूरा भए त हुन्थ्यो नि !"

> **"जब छोराको सालिक देख्छु, सबैले देख्ने र अमर हुने गरी ज्यान दियो भनेर गर्वले छाती चौडा हुन्छ । तर मेरो छोराजस्तै हजारौँ सहिदले देखेको सपना पूरा नभएकामा मन चसक्क दुख्छ", जाँदाजाँदै रामनरेश यादवले भन्नुभयो, "जे भनेर आन्दोलनमा हाम्रा छोराछोरीको ज्यान गयो । ती बाचा कहिले र कसले पूरा गर्ला ? हिजो जोडिएका दलहरू टुट्दैफुट्दै गएको देख्दा नमज्जा लाग्छ ।"**

सहिद नितु यादवका बुवा श्रीनारायण यादव त छोराको कुरा गर्नेबित्तिकै भक्कानिनुहुन्छ । कुराकानीको बेला घर छेवैमा जोड्जोडले मत माग्दै गरेको चुनावी प्रचार सामग्री बजिरहेको थियो, यता श्रीनारायणको आँखामा आँसु छचल्किरहेको थियो । प्रष्ट नेपाली बोल्न नसक्ने उहाँले चुनावको चहलपहलले छोराको याद ताजा बनाएको बताउनुभयो । "यस्तो बेला मन भक्कानिन्छ, सम्हाल्न गाह्रो हुन्छ, ऊ भइदिएको भए यस्तो हुन्नथ्यो", उहाँले भन्नुभयो ।

सहिद नितुका दाजु रकु यादवले भाइको सहादतसँगै परिवारको खुसी लुटिएको बताउनुभयो । "घरको कान्छो छोरा हो, उसको ज्यान गएदेखि बुबाको मनस्थिति निकै खल्बलिएको छ । आमाको अवस्था यस्तै छ", रकुले भन्नुभयो, "यस्ता कार्यक्रम (भीडभाड, भाषण, नाराबाजी हुने कार्यक्रम)ले उनको याद दिलाउँछ । झनै समस्या हुन्छ । निको हुन लागेको मनको घाउ बल्झिन्छ ।"

"घरपरिवारलाई सहयोग गर्छु, विदेश जान्छु भनेर भाइले राहदानी बनाइसकेको थियो तर आन्दोलनमा ज्यान गुम्यो । अहिले बुवाआमाको दैनिकी चलाउन पनि निकै मुस्किल छ । म एक्लैको कमाइले पुग्दैन । कतैबाट सहयोग छैन", रिकुले भन्नुभयो ।

अर्का सहिद सञ्जय चौधरीको बुवाआमासहित १० जनाको परिवार छ । "दाइ गुमाउनुको पीडा मलाई त छ नै, त्यो भन्दा बढी पीडा बुवाआमालाई छ", बहिनी ममता चौधरीको भनाइ थियो, "के गर्नु, मान्छे फर्केर नआए पनि यादहरू फर्केर आइरहन्छन् । दाइ भएको भए राजनीतिमा धेरै अगाडि बढ्नुहुन्थ्यो । उहाँले जे सपनासहित ज्यान गुमाउनुभएको थियो, त्यो सपना पूरा गर्न म पनि राजनीतिमा लागेको छु ।"

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)की केन्द्रीय सदस्यसमेत रहनुभएकी ममता भने सहिदहरूको सपनाअनुसार उपलब्धि हासिल हुनेमा अझै आशावादी हुनुहुन्छ । "अहिले केही अन्योल छ, तथापि सङ्घीयता, समावेशीताजस्ता मुद्दा तथा केही अधिकारहरू पूरा भएका छन्", उहाँले भन्नुभयो, "अब यी मुद्दाहरूको पूर्ण कार्यान्वयन र बाँकी सपना पूरा गर्न युवाहरू अगाडि बढ्नुपर्छ ।"

आशा र निराशा दुवै छन् । तर गीतकार राजेन्द्र थापाले 'पर लैजाऊ फूलहरू, छोपीदेऊ तारा जुन, बन्द गर गीतहरू, तिम्रो याद आउने सबै चिजहरू' भनेर लेखेजस्तै नराम्ररी सताउने गरी आउने यादलाई विकास र समृद्धिले प्रतिस्थापन गर्न पाए हुन्थ्यो भन्ने चाहना सहिद परिवारको छ ।

**'पूरा गर बाचाहरू'**

बिहीबार, चुनाव प्रचारप्रसारको अन्तिम दिन हो । हरेक पाँच-पाँच वर्षमा यस्ता चुनाव आउने जाने भइरहन्छन् । २०६२/६३ को जनआन्दोलनपछि हालसम्म संविधानसभा र स्थानीय तहको चुनाव दुई-दुईपटक भइसकेको छ । प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन एकपटक (२०७४) सम्पन्न भई यही मङ्सिर ४ गते दोस्रोपटक हुँदैछ । चुनाव हुने, सरकार बन्ने तर सोचेअनुसार परिणाम नआएकामा सहिद तथा घाइते परिवारको ठूलो गुनासो छ ।

"जब छोराको सालिक देख्छु, सबैले देख्ने र अमर हुने गरी ज्यान दियो भनेर गर्वले छाती चौडा हुन्छ । तर मेरो छोराजस्तै हजारौँ सहिदले देखेको सपना पूरा नभएकामा मन चसक्क दुख्छ", जाँदाजाँदै रामनरेश यादवले भन्नुभयो, "जे भनेर आन्दोलनमा हाम्रा छोराछोरीको ज्यान गयो । ती बाचा कहिले र कसले पूरा गर्ला ? हिजो जोडिएका दलहरू टुट्दैफुट्दै गएको देख्दा नमज्जा लाग्छ ।"

मताधिकार सार्वभौम नागरिक हुनुको परिचायक हो । त्यसैले थुप्रै गुनासा भए पनि अधिकांश नागरिक चुनावमा उत्साहित हुन्छन् नै । तर मधेसी सहिद प्रतिष्ठानका सदस्य अभियन्ता रामनरेश राय पनि मधेस आन्दोलनका सहिद तथा घाइते परिवारहरू खुसी र उत्साहित हुने अवस्था नरहेको बताउनुहुन्छ । उहाँले आन्दोलन भएको वर्षौं बित्दा पनि सोचेअनुसार उपलब्धि हासिल नभएकाले दिलीप, नितु, सञ्जयलगायत सहिद तथा अन्य घाइते परिवारहरू थप दुःखी भएको उल्लेख गर्नुभयो । "घरबार चलाउन, हातमुख जोड्न पनि धौधौ छ सहिद तथा घाइते परिवारलाई", रायले भन्नुभयो, "घरको समस्या त छँदैछ, त्योभन्दा बढी मधेस आन्दोलनको मुद्दा र सत्ता राजनीतिका लागि यहाँका दलहरूमा भइरहेको क्षयीकरणले हाम्रो मन दुखिरहेको छ ।" उहाँ २०६३ माघ २१ गते सहादत प्राप्त दिनेश राय यादवको भाइ पनि हो ।

मधेस आन्दोलनकी जानकार राजनीतिकर्मी विभा ठाकुरले पनि मधेस आन्दोलनमा गरेका बाचा मधेसवादी दलहरूको विभाजन र बेमेलसँगै थप कमजोर हुँदै गएकामा सहिद तथा घाइते परिवार चिन्तित रहेको पाएको बताउनुभयो । उहाँले मधेसमात्रै होइन, परिवर्तनका लागि सहादत दिने सहिदहरूको सपना र जनतामाझ गरेका बाचा पूरा गर्ने दायित्व सबैको भएको बताउनुभयो ।

सङ्घीयता र समावेशीताको माग गर्दै २०६३ माघ २ गतेदेखि सुरु भएको २१ दिने मधेस विद्रोहदेखि २०७४ सम्म पटक-पटक भएका मधेस आन्दोलनमा ६३ जनाले सहादत प्राप्त गरेका र ७२ जना घाइते भएको तथ्याङ्क छ । यसमध्ये जनकपुरमा मात्रै सात जना सहिद भएको मधेसी सहिद प्रतिष्ठानले जनाएको छ ।रासस

# जलवायु परिवर्तन र वातावरणका मुद्दामा शीर्ष दल एकै ठाउँमा

काठमाण्डु । प्रमुख राजनीतिक दल जलवायु परिवर्तन र वातावरणका मुद्दामा एकै ठाउँमा देखिएका छन् । यही मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि प्रमुख दलले सार्वजनिक गरेको घोषणापत्रमा जलवायु परिवर्तन र वातावरणका मुद्दालाई प्राथमिकता दिएको देखिएको छ ।

नेपाल जलवायु परिवर्तनका हिसाबले उच्च जोखिममा रहेको मुलुक भएको भन्दै प्रमुख दलले आफ्नो चुनावी घोषणापत्रमा यी विषयलाई प्राथमिकतामा राखेको जनाएका हुन् । नेपाल जलवायु परिवर्तन र वातावरणका हिसाबले जोखिममा परेकाले विकसित मुलुकले हाम्रो जस्तो मुलुकमा अनुदान सहयोग गरेर जोखिम न्यूनीकरण गर्नुपर्नेमा दलका प्रतिनिधिले जोड दिनुभएको छ ।

नेपाल वातावरण पत्रकार समूहले प्रकृति रिसोर्सेज सेन्टरको सहकार्यमा आयोजना गरेको हाकाहाकी बहसमा नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (एकीकृत समाजवादी)का प्रतिनिधिले आफ्ना घोषणापत्रमा समेटिएका विषयलाई प्राथमिकतामा राखेर कार्यान्वयन गर्ने प्रतिबद्धता जनाउनुभएको छ ।

कार्यक्रममा कांग्रेसको चुनावी सङ्कल्प प्रस्ताव लेखनमा सक्रिय भूमिका निर्वाह गर्नुभएका गेजा शर्मा वाग्लेले आफ्नो पार्टीले जलवायु परिवर्तन, वातावरण र विपद् व्यवस्थापनका विषयलाई प्रमुख पिलरका रूपमा राखेको बताउनुभयो । "कांग्रेसले आफ्नो चुनावी सङ्कल्प प्रस्तावमा गर्न सम्भव भएका विषयलाई मात्रै समेटेको छ', उहाँले भन्नुभयो, "हामीले क्षेत्रगत विषयमा समेत जलवायु परिवर्तन र वातावरणका मुद्दालाई पाँच वर्षमा पूरा गर्न सकिने विषय मात्र समेटेका छौँ ।'

कांग्रेसले आफ्नो चुनावी सङ्कल्प प्रस्तावमा मुलुकलाई सन् २०४५ भित्र कार्बन शून्यमा झार्ने सङ्कल्प गरेको छ । वन क्षेत्रलाई ४७ प्रतिशित पुऱ्याउनुका साथै पाँच वर्षभित्रमा ५० प्रतिशत विद्युतीय सवारीसाधनको प्रयोग पुऱ्याउने लक्ष्य राखेको वाग्लेले बताउनुभयो ।

कांग्रेसले पर्या-पर्यटन, जैविक विविधतालगायतको विकासका लागि नीतिगत सुधार गरी संस्थागत विकासको विषयलाई प्राथमिकतामा राखेको छ । साथै खनिज ऊर्जा घटाउने, वित्त अनुदान र सहयोग अनुदान लिने विषयलाई प्राथमिकतामा राखिएको छ । ऋण सहयोगको विषय सुरुमा राखे पनि त्यसलाई हटाएर संशोधन गरिएको उहाँले जानकारी दिनुभयो ।

> **कांग्रेसले पर्या–पर्यटन, जैविक विविधतालगायतको विकासका लागि नीतिगत सुधार गरी संस्थागत विकासको विषयलाई प्राथमिकतामा राखेको छ । साथै खनिज ऊर्जा घटाउने, वित्त अनुदान र सहयोग अनुदान लिने विषयलाई प्राथमिकतामा राखिएको छ । ऋण सहयोगको विषय सुरुमा राखे पनि त्यसलाई हटाएर संशोधन गरिएको उहाँले जानकारी दिनुभयो ।**

यसैगरी जलवायु परिवर्तनका विषयमा एमालेले आफ्नो घोषणापत्रमा विशेष प्राथमिकता दिएको पाइएको छ । "हाम्रो पार्टीले स्वच्छ पानी, सफा वातावणको सुनिश्चित गर्ने विषयमा आगामी दुई वर्षभित्रै सबै परिवारमा पिउनेपानीको आधारभूत सुविधा पुऱ्याउने विषयलाई महत्वको साथ राखेको छ', एमाले केन्द्रीय सदस्य रघुजी पन्तले भन्नुभयो, "जलवायु परिवर्तनको मुख्य कारक हामी नभए पनि विकसित शक्ति राष्ट्र प्रमुख हुन् । उनीहरूले गरेको प्रदूषणका कारण हामीले जोखिम मोलिरहेका छौँ ।' उहाँले प्रमुख पार्टीहरूले आफ्नो चुनावी एजेण्डामा जलवायु परिवर्तन र वातावरणको विषयलाई प्राथमिकतामा राखेको भए पनि कार्यान्वयनमा चुनौती रहेको धारणा व्यक्त गर्नुभयो ।

नेता पन्तले नेपालमा विद्युतीय उपयोगको विषयलाई प्राथमिकताका साथ आगामी सरकारले ध्यान दिनुपर्ने बताउँदै घरेलु उपयोगलाई बढाउनका लागि ग्यासमा सरकारले दिँदै आएको सहुलियत अनुदानलाई हटाउनुपर्ने सुझावसमेत दिनुभयो ।

नेपाल वातावरण पत्रकार समूहका अध्यक्ष रोशनी अधिकारीको अध्यक्षतामा भएको बहसमा नेकपा (एकीकृत समाजवादी)का केन्द्रीय सदस्य अमृतनाथ तिमल्सिनाले आफ्नो पार्टीले फोहरमैला व्यवस्थापन, वायुप्रदूषण नियन्त्रण, नदीजन्य फोहर नियन्त्रणका विषयलाई प्राथमिकतामा राखेको बताउनुभयो ।

"नेपालको हिमाली क्षेत्रमा हिउँ पग्लने क्रम बढ्दोमात्रामा रहेको छ, त्यसलाई नियन्त्रण र न्यूनीकरणका लागि विशेष योजना बनाएर लैजानुपर्ने आवश्यकता रहेको छ', उहाँले भन्नुभयो, "नेपालमा विपद्का घटना बढिरहेका सन्दर्भमा त्यसलाई न्यूनीकरण गर्नका लागि पूर्वतयारीका साथै अन्तरसरकारी निकायबीचको समन्वयलाई प्राथमिकतामा राखिएको छ ।' रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : भ्रमण अवसर हुने । |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख । |
| कर्कट | : पारिवाहिक सुख । |
| सिंह | : वाद विवादबाट बच्नु । |
| कन्या | : पुरस्कार प्राप्त लाभ । |
| तुला | : नयाँ कार्य हुने । |
| वृश्चिक | : बौद्धिक क्षमता । |
| धनु | : शिक्षामा उन्नति । |
| मकर | : अवसर प्राप्त । |
| कुम्भ | : सुख समृद्धि हुने । |
| मीन | : धन बृद्धि सञ्चय । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# मतदान केन्द्रहरुमा मतपेटिका पठाउने कार्य सुरू

**टुडे समाचारदाता**

रौतहट । जिल्लाका सबै मतदान केन्द्रमा निर्वाचन सामग्री सहित मतपेटिका पठाउने कार्य सुरू भएको छ।

आसन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको लागि मंसिर ४ गते हुने मतदानको लागि मतपेटिक सहितको सामग्री निर्वाचन कार्यालयले मतदान अधिकृतको जिम्मा लगाउन लागेका छन्।

मतदान हुने निर्वाचन आयोग नेपालले समय निर्धारण गरेका छन्। आयोगको निर्णय अनुसार मंसिर १ गते मतपेटिका सम्बन्धित मतदान केन्द्र पुर्‍याउन लागिएको मुख्य निर्वाचन अधिकृत मातृका प्रसाद मरासेनीले जानकारी दिएका छन्।

उत्साहका साथ मतदान अधिकृतहरुले निर्वाचन सामग्री




बुझिरहेका छन् । रौतहट जिल्लामा गएको स्थानीय तहको निर्वाचनमा भएको घटनाले सुरक्षा व्यवस्था मजबुत पारिएको बताए।

दोस्रो पटक निर्वाचन भएका मतदान केन्द्रमा कडा सुरक्षा व्यवस्था पारिएको बताउँदै मुख्य निर्वाचन अधिकृत मरासेनीले निर्धक्क रुपमा मत प्रयोग गर्न मतदातालाई आग्रह गरे । अति संवेदनशील मानिएको मतदान स्थलमा सुरक्षा व्यवस्था बलियो रहेको जनाए । नेपाली सेनाको टोली बाहिर सुरक्षाको लागि खटिने छन।

२०४ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेका रौतहटमा ५२३ स्थायी र २ वटा अस्थायी गरी ५२५ मतदान केन्द्र रहेका छन । ६० देखि ६५ किसिमका सामग्री उपलब्ध गराइएको जिल्ला निर्वाचन अधिकारी छोटेलाल दासले जानकारी दिए।

# गरिमा बढाउने काम गरेः साह

**टुडे समाचारदाता**

राजविराज । मधेश प्रदेश सरकारका अर्थमन्त्री एवम् सप्तरी क्षेत्र नम्बर २ क बाट प्रदेशसभा सदस्य पदका उम्मेदवार शैलेन्द्रप्रसाद साहले आफूले अघिल्ला निर्वाचनमा जितेपछिका दिनमा जनप्रतिनिधिका रूपमा मातृभूमिको गरिमा बढाउने काम गरेको बताएका छन्।

उनले बिहीबार विज्ञप्ति जारी गर्दै आफ्नो कार्यकालमा मातृभूमिको गौरव तथा गरिमा बढाउने अनन्त प्रयास गरेको उल्लेख गरेका छन्। सप्तरी क्षेत्र नम्बर २ को क का उम्मेदवार साह यसअघि पनि सोही क्षेत्रबाट प्रदेशसभा सदस्य निर्वाचित भएका थिए।

उनले प्रदेशसभा सदस्यदेखि प्रदेश सरकारका मन्त्रीसम्मका यात्रामा आफ्ना लागि सबैभन्दा बढी महत्वका विषय आफ्नो गाउँठाउँ र क्षेत्रवासीसँगै नै रहेको बताएका छन्।

उनले प्रदेश एउटा नयाँ संरचना र नयाँ अभ्यास भएको भन्दै कम साधनस्रोत र न्यून कर्मचारीका भरमा विकासका योजनालाई व्यवहारमा उतार्न चुनौतीपूर्ण भएको पनि उल्लेख गरेका छन्।

मधेशका जनता आफ्नो भूगोलमा आफैंले शासन गरेको र प्रदेश सरकार मजबुत भएको हेर्न केन्द्र सरकारले कहिल्यै नचाहेको आरोप लगाउँदै त्यसकारणले प्रदेश सरकारलाई कार्यकालभरि अप्ठ्यारा र हैरानी व्योहोर्नुपरेको प्रसंग उल्लेख गरेका छन्।

साहले आफूलाई आफ्नै गाउँघर राम्रो लाग्ने हुँदा चुनाव जितेपछि आफू गाउँ फर्केर आउनेभन्दा गाउँ र यहाँका जनतासँग रहने बताएका छन्।

# मतदान स्थलमा खटिए सुरक्षाकर्मी र कर्मचारी



**टुडे समाचारदाता**

जनकपुरधाम । मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको लागि मतदान स्थलमा कर्मचारीहरु खटिएका छन्। बिहीवार साँझ सबै मतदान स्थलमा कर्मचारी र सुरक्षाकर्मी पुगिसकेका छन् । धनुषामा करिब पाँच हजारभन्दा बढी कर्मचारी र सात हजार सुरक्षाकर्मी परिचालन गरिएको छ । निर्वाचन हुने दिनसम्म उनीहरु मतदान स्थलमै बास बस्ने छन्।

शुक्रबारदेखि मतदाता परिचयपत्र वितरण हुने प्रमुख निर्वाचन अधिकृत श्रीधर पन्थीले जानकारी दिए । उनका अनुसार सबै निर्वाचन केन्द्रमा कर्मचारी पुगिसकेका छन्। कर्मचारीहरुलाई निर्वाचनमा आवश्यक पर्ने मतपत्रसहित ५२ प्रकारका सामग्री दिइएको छ । प्रत्येक मतदान केन्द्रमा ८ जनाको हिसाबले कर्मचारी खटाइएको छ।

आठ जनामध्ये प्रत्येक मतदान केन्द्रमा १ जना मतदान अधिकृत, १ जना सहायक मतदान अधिकृत, ५ जना सहायक कर्मचारी र एक जना कार्यालय सहयोगी रहेका छन्। मतदाता संख्याको आधारमा प्रत्येक मतदान केन्द्रका मतदान अधिकृतले ३ देखि ४ जनासम्म स्वयंसेवकसमेत खटाउन पाउने निर्वाचन अधिकृत पन्थीले बताए।

धनुषामा तीन सय २२ वटा मतदानस्थल र ६ सय पाँच मतदान केन्द्र छन्। यी मध्ये एक सय ९४ अतिसंवेदनशील, एक सय ११ संवेदनशील र १७ वटा सामान्य मतदान स्थल छन् । यासपालि धनुषामा चार लाख ७४ हजार पाँच सय ८७ मतदाता छन् । धनुषामा चार प्रतिनिधिसभा र आठ प्रदेशसभा सदस्य पदमा निर्वाचन भइरहेको छ । प्रतिनिधिसभामा धनुषाको सबै क्षेत्र मिलएर एक सय तीन जना प्रतिस्पर्धामा छन् भने आठ सिट रहेको प्रदेशसभामा एक सय ३८ जनाले उम्मेदवार छन्।

# निर्धक्क भएर मताधिकार प्रयोग गर्न प्रमुख निर्वाचन आयुक्त थपलियाको आग्रह

**टुडे समाचारदाता**

काठमाण्डु । निर्वाचनका सम्पूर्ण व्यवस्थापकीय कार्य सम्पन्न, निर्धक्क भएर मताधिकार प्रयोग गर्न प्रमुख निर्वाचन आयुक्त थपलियाको आग्रह

निर्वाचन आयोगले मंसिर ४ गते एकै चरणमा हुने प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को सम्पूर्ण तयारी पूरा गरेको छ। निर्वाचनमा १ करोड ७९ लाख ८८ हजार ५७० मतदाताले १० हजार ८९२ मतदान स्थलमा रहेका २२ हजार २२७ मतदान केन्द्रबाट मताधिकार प्रयोग गर्दै हुनुहुन्छ । यसैगरी १४१ अस्थायी मतदान केन्द्र र आफूलाई पायक पर्ने तथा आफू खटिएका मतदान केन्द्रबाट करिब ४ लाख ५० हजार अस्थायी मतदाताले प्रतिनिधि सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्नु हुनेछ।

यो निर्वाचनमा प्रतिनिधि सभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि २ हजार ४१२ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ । यसैगरी प्रतिनिधि सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ २ हजार १९९ उम्मेदवारको नाम अन्तिम बन्द सूचीमा कायम गरिएको छ । प्रदेश सभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि ३ हजार २२४ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ भने प्रदेश सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ ३ हजार ७०८ जना उम्मेदवारको नाम अन्तिम बन्द सूचीमा कायम छ। यसरी आसन्न निर्वाचनमा प्रतिनिधि तथा प्रदेश सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि कूल ५ हजार ६३६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ भने प्रतिनिधि तथा प्रदेश सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ ५ हजार ९०७ उम्मेदवारको नाम अन्तिम बन्द सूचीमा कायम गरिएको छ।




प्रतिनिधि सभा तथा प्रदेश सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि ३ करोड ९९ लाख ६२ हजार ५०० मतपत्र र प्रतिनिधि सभा तथा प्रदेश सभाको समानुपातिक निर्वाचन प्रणालीका लागि ४ करोड ६ लाख ५ हजार गरी कूल ८ करोड ५ लाख ६७ हजार ५०० मतपत्र छपाइ गरी ढुवानी गरिसकिएको छ।

निर्वाचनसम्बन्धी काम कारवाहीको पर्यवेक्षणद्वारा निर्वाचनको विश्वसनीयता अभिवृद्धि गर्न भारत, भुटान, बंगलादेश र माल्दिभ्सका प्रमुख निर्वाचन आयुक्त र श्रीलंका र दक्षिण कोरियाका निर्वाचन आयुक्तसहितको टोलीले निर्वाचन पर्यवेक्षण गर्दै हुनुहुन्छ। नेपालस्थित १८ वटा कुटनीतिक नियोगहरूबाट समेत मतदानको दिनको अवलोकन गरिने भएको छ । अनुमति प्राप्त ४४ वटा राष्ट्रिय संस्थाबाट ७२०७ र २ वटा अन्तर्राष्ट्रिय संस्थाबाट १२ जना गरी ७ हजार २१९ जनालाई आयोगले पर्यवेक्षण परिचय पत्र उपलब्ध गराइसकेको छ । पर्यवेक्षकहरूले प्रतिनिधि सभाको पहिलो हुने निर्वाचित प्रणालीको १६५ निर्वाचन क्षेत्र र प्रदेश सभाको पहिलो हुने निर्वाचित निर्वाचन प्रणालीको ३३० वटै निर्वाचन क्षेत्रमा निर्वाचन पर्यवेक्षण गर्नुहुनेछ। आयोगल हालसम्म करिब ७ हजार ५०० जनालाई पर्यवेक्षण परिचयपत्र उपलब्ध गराइसकेको छ।

मतदानका लागि मतपत्र र निर्वाचन सामग्रीसहित करिब २ लाख ४६ हजार ९६० कर्मचारी एवं आवश्यकता अनुसारका सुरक्षाकर्मी मतदान स्थलमा पुगिसकेका छन्। मतदान केन्द्रमा पुगेका मतदान अधिकृतबाट सर्वपक्षीय बैठक राख्ने, मतदान केन्द्रको क्षेत्र तोक्ने, प्रचारप्रसार गर्न निषेध गरेको सूचना प्रकाशन गर्ने, शान्ति भंग गर्न निषेध गरेको सूचना प्रकाशन गर्ने, मादक पदार्थ निषेध गर्ने तथा हातहतियार लिएर हिँडन वा प्रयोग गर्न नदिने लगायत विषयमा आवश्यक तयारी गर्नेछन् । त्यसैगरी आगामी दुई दिनभित्र मतदानमा खटिएका कर्मचारी एवं सुरक्षाकर्मीबाट मतदान केन्द्रको निर्माण कार्य सम्पन्न हुनेछ। मतदान केन्द्र निर्माण गर्दा लैंगिक समावेशी, अपांगता मैत्री तथा सुत्केरी, गर्भवती, ज्येष्ठ नागरिक, बिरामी र अशक्त मतदाताका लागि सहज हुने गरी बनाउन आवश्यक निर्देशन दिइएको छ।

मतदान शुरू हुने दिन भन्दा ४८ घण्टा अघिदेखि मतगणना सम्पन्न नभएसम्म मदिरा बिक्री वितरण तथा सेवन गर्ने/गराउने कार्यलाई पूर्ण रूपले निषेध गर्ने व्यवस्था मिलाउन जिल्ला आचारसंहिता अनुगमन समिति र स्थानीय प्रशासनलाई सक्रिय बनाइएको छ । नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग, अन्य सरकारी निकायका स्थानीय तहमा रहेका कार्यालय तथा निर्वाचन सुरक्षामा खटिएका सुरक्षाकर्मीलाई मदिरा बिक्री वितरण, ओसार पसार तथा सेवन गर्ने/गराउने कार्यको सूक्ष्म अनुगमन गरी आवश्यक कारवाहीको व्यवस्था मिलाउन पनि निर्देशन दिइएको छ।

मतदान हुने दिन भन्दा ४८ घण्टा अघिदेखि मतगणनाको काम पूरा नभएसम्म निर्वाचन प्रचारप्रसार लगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा सम्मेलन, कार्यशाला गोष्ठी तथा मस्तिस्क मन्थन लगायतका कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न पाइँदैन । त्यसैगरी यस अवधिमा सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसार सामग्री पोष्ट वा शेयर गर्न वा गराउन समेत नपाइने व्यवस्था छ। त्यसैले आयोगले सामाजिक सञ्जाल तथा अनलाइनमार्फत गरिएका निर्वाचन प्रचारप्रसार सम्बन्धी विज्ञापन हटाउन निर्देशन दिइसकेको छ भने यस्ता विज्ञापनको अनुगमन गर्न विज्ञापन बोर्डलाई निर्देशन दिइएको छ।

कसैले कसैलाई धाक, धम्की, डर वा त्रास देखाई वा अन्य कुनै किसिमले अनुचित प्रभावमा पारी कुनै निर्वाचन क्षेत्र वा मतदान केन्द्रमा निर्वाचनको कुनै काम वा मतदानको कामको निष्पक्षता र स्वतन्त्रतामा असर पुर्‍याउने काम गरेमा निर्वाचनको काममा खटिएका कर्मचारी, सुरक्षाकर्मी, अनुगमनकर्ता, पर्यवेक्षक वा जो कोहीले आफ्नो कर्तव्य सम्झी सूचना दिन, त्यस्तो कार्य रोक्न वा कानून बमोजिम कारवाही गर्न विशेष निर्देशन दिइएको छ।

मतदानको दिनभन्दा अगाडि र मतदान सम्पन्न भएपछि अन्तिम नतिजा नआउँदासम्म निहीत राजनीतिक स्वार्थले निर्वाचनको निष्ठालाई आघात पुर्‍याउने गरी देशभित्र र बाहिरबाट सामाजिक सञ्जालमार्फत फैलिन सक्ने मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिका कारण निर्वाचन व्यवस्थापन तथा सञ्चालन प्रभावित हुन सक्नेतर्फ आयोग सचेत रहेको छ। सामाजिक सञ्जालमार्फत मिथ्या सूचना, दुष्प्रचार एवं द्वेषपूर्ण अभिव्यक्तिका माध्यमबाट निर्वाचनको निष्ठामाथि प्रश्न उठाउने अवस्था आउन नदिन आयोग संवेदनशील छ र यसतर्फ सबैको ध्यान जानु आवश्यक छ । यो अवधिमा सामाजिक सञ्जालबाट फैलिन सक्ने मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिलाई नियमन र नियन्त्रण गर्न आयोगले सामाजिक सञ्जालका कम्पनीहरूसँग सहकार्य गरिरहेको र ती कम्पनीहरूले पनि विशेष निगरानी गरिरहेका छन् । मिथ्या सूचना, दुष्प्रचार, द्वेषपूर्ण अभिव्यक्ति फैलन नदिनु सबैको साझा दायित्व भएकाले निर्वाचनको बाँकी अवधिमा सबै पक्षबाट यो दायित्वको पूर्ण पालना हुनेमा आयोग विश्वस्त छ।

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित, पारदर्शी एवं विश्वसनीय बनाउन आयोगले आवश्यक सुरक्षा प्रबन्ध मिलाइसकेको छ । निर्वाचन बिथोल्ने वा बहिष्कार गर्ने, बुथ कब्जा गर्ने, मतदातालाई मतदानको अवसरबाट वञ्चित गर्ने, डर, धाक, धम्की दिने लगायतका कार्यहरू गरी निर्वाचनको स्वच्छतामा असर पुर्‍याउने कुनै पनि गतिविधिहरू रोक्न आवश्यक सुरक्षा रणनीतिसहित सुरक्षाकर्मी परिचालन गरिएको छ । निर्वाचन सुरक्षाका लागि प्रत्येक मतदान केन्द्रमा आवश्यक सुरक्षाकर्मीसहित तीन घेराको सुरक्षा व्यवस्थाका अतिरिक्त ३० मिनेटभित्र पुग्न सक्ने गरी पर्याप्त सुरक्षाकर्मीको रिजर्भ फोर्सको व्यवस्था गरिएको छ । निर्वाचन सुरक्षा जोखिमका आधारमा आवश्यकता अनुसार सुरक्षा गस्ती परिचालन तथा क्षेत्रगत संवेदनशीलतालाई मध्यनजर गरी पर्याप्त मात्रामा अधिकार सम्पन्न घुम्ती टोली परिचालन गर्ने व्यवस्था मिलाइएको छ।

अन्त्यमा आयोगले निर्वाचनको सञ्चालन र व्यवस्थापनसम्बन्धी सम्पूर्ण व्यवस्थापकीय कार्य सम्पन्न गरिसकेको र आवश्यक सुरक्षा व्यवस्था मिलाइ सकिएकाले मतदाताहरूलाई कसैको डर, धाकधम्की, प्रलोभनमा नपरी आफूलाई मन परेको राजनीतिक दल तथा उम्मेदवारको निर्वाचन चिन्हमा मतदान गरी आफ्नो मताधिकार प्रयोग गर्न आयोग हार्दिक आग्रह गर्दछ । साथै निर्वाचनको मिति तोकिएदेखि नै निर्वाचनका विविध पक्षमा निरन्तर समाचार संकलन तथा सम्प्रेषण गरी मतदातालाई सुसूचित बनाउने तथा आयोगलाई पृष्ठपोषण गर्ने सञ्चारकर्मी तथा आम सञ्चारमाध्यमहरूलाई आयोग हार्दिक धन्यवाद व्यक्त गर्दछ।

## आयोगको मूल्याङ्कनमा घटुवाप्रति आपत्ति

काठमाण्डु । जवाफदेहिता निगरानी समितिले राष्ट्रिय मानवअधिकार आयोगलाई अक्टोबरमा 'क' बाट पुनःमूल्याङ्कन गरी 'ख' मा झार्न सिफारिस गरिएकोप्रति आपत्ति जनाएको छ । मानव अधिकार आयोगको अन्तर्राष्ट्रिय संस्था ग्लोबल एलाएन्स अफ नेशनल ह्युमन राईट्स इन्स्टिच्यूटले नेपालको अन्तर्राष्ट्रिय रूपमा गरिने ग्रेडिङबाट झार्न गरिएको सिफारिसप्रति आपत्ति जनाएको हो।

मानव अधिकार आयोगजस्ता निकायमा हुनसक्ने राजनीतिक हस्तक्षेप रोकी त्यस्ता निकायको स्वतन्त्रता कायम राख्ने उद्देश्यले गरिने हुँदा अन्तर्राष्ट्रिय जगतमा मुलुकको शिर निहुर्‍याउने यस्ता निर्णय सच्याउन र गम्भीर हुन सम्बन्धित निकायलाई समितिले आग्रह गरेको छ । समितिका संयोजक चरण प्रसाईंले अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको छवि गाँसिएको आयोगका पदाधिकारीलाई निरन्तरता दिँदा मानवअधिकार क्षेत्रमा नेपालले लज्जास्पद स्थिति ब्यहोर्नु परेको बताउनुभयो।

अन्तर्राष्ट्रिय मापदण्ड (पेरिस प्रिन्सिपल) विपरीत निहीत राजनीतिक स्वार्थमा गैरसंवैधानिक ढङ्गबाट आयुक्त नियुक्त गरिँदा यसको स्वायत्तता, स्वतन्त्रता, निष्पक्षता तथा सक्षमतामाथि अन्तर्राष्ट्रियस्तरमै गम्भीर प्रश्न उठ्नसक्ने विषय भएको उहाँको भनाइ छ। रासस

## इमान्दारी, जिम्मेवारी र जवाफदेहीपूर्ण तरिकाले निर्वाचन गराउन अपिल

काठमाण्डु । राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोग) ले यही मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन इमान्दारी, जिम्मेवारी तथा जवाफदेहीपूर्णरूपमा सम्पन्न गराउन अपिल गरेको छ।

नियोगले विहीवार पत्रकार सम्मेलनको आयोजना गरी स्वतन्त्र, निष्पक्ष, मर्यादित, भयरहित र शान्तिपूर्ण निर्वाचन नै लोकतन्त्रको आधारशीला भएको उल्लेख गर्दै सरकार, राजनीतिक दल र उम्मेदवारलगायत सबैमा उक्त अपिल गरेको हो।

नियोगका अध्यक्ष कपिल श्रेष्ठले निर्वाचन स्वतन्त्र, शान्तिपूर्ण र भयरहित वातावरणमा हुनुपर्नेमा जोड दिँदै निर्वाचनबाट बन्ने भोलिको सरकारले देशको विकास र स्थायित्व दिनसक्ने हुनुपर्ने बताउनुभयो। नियोगले गत असोजको अन्तिम सातादेखि नै निर्वाचनको पूर्वअवधिको पर्यवेक्षण गर्न नेपालका ७७ जिल्लामा तालिम दिएर पर्यवेक्षक खटाएको छ। नियोगले दीर्घकालीन पर्यवेक्षणको तयारी, मतदाता शिक्षा, प्रचारप्रसारका गतिविधि, निर्वाचनमा हिंसा तथा सुरक्षालगायतका विषयमा नेपालमा पहिलो पटक एपोलो द्रुत रिपोर्टिङ प्रणालीको प्रयोग गरेको जनाएको छ। नियोगले ७७ जिल्लामा करिब दुई हजार छोटो अवधिका लागि पर्यवेक्षक तयार गरेको छ । तीमध्ये एक सय ५० राष्ट्रिय पर्यवेक्षकसहित मतदान केन्द्रमा लक्षित गरेर तयार गरेको नियोगले जनाएको छ । नियोगले पर्यवेक्षक प्रक्रियालाई थप वैज्ञानिक, यथार्थ एवं तथ्यपरक बनाउन राष्ट्रियस्तरको 'डाटा सेन्टर' स्थापना समेत गरेर काम गर्ने तयारी गरेको छ।रासस

# अवैध मदिरा बरामद

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा प्रहरीले भारी मात्रामा अवैध मदिरा बरामद गरेको छ। यही मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनलाई लक्षित गरी मदिरा बिक्री वितरण, ओसारपसार तथा सेवनमा निषेध गरेको छ। निषेध गरिएको अवधिमा धनुषा प्रहरीले एक ट्रक मदिरा बरामद गरेको धनुषाका प्रहरी नायब उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले जानकारी दिनुभयो । जनकपुरधाम उपमहानगरपालिका-२२ बसविट्टीबाट ना६ख ६४५३ नम्बरको ट्रकबाट कर्णाली गोल्ड नामक सोफी एक हजार २५ कार्टुन बरामद भएको प्रहरीले जानकारी दिएको छ।

प्रहरीले गाडीलाई रोकेर जाँच गर्दा सो परिमाणको मदिरा बरामद भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ। मदिरा र ट्रकसहित मकवानपुरको मनहरि गाउँपालिका-३ बस्ने चालक ३४ वर्षीया निर्मलकुमार रिजाललाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

मादक पदार्थसहितको ट्रक र चालकलाई आवश्यक कारबाहीका लागि जिल्ला प्रशासन कार्यालय धनुषामा बुझाइएको छ। यस्तै, प्रहरीले धनुषाको मुखियापट्टी मुसहर्निया गाउँपालिका-४ तुल्सियाहीबाट बी.आर.०७ पी.ए.४५३९ नम्बरको भारतीय स्कार्पियोबाट चार कार्टुन गोल्डेन ओके र व्रिच नामक बियर एक बोरा बरामद गरेको छ । गाडी चालक मुखियापट्टी मुसहर्निया-४ बस्ने ३० वर्षीय साजन यादवलाई प्रहरीले पक्राउ गरेको छ। बरामद मदिरा र गाडीसहित चालक साहलाई आवश्यक कारबाहीका लागि जिल्ला प्रशासन कार्यालय धनुषाको जिम्मा लगाएको प्रहरीले जनाएको छ। धनुषा जिल्लामा गत साता शनिबारदेखि नै मदिराको बिक्री वितरण, ओसार पसार तथा सेवनमा निषेध गरिएको छ।

# तीन दिनभित्र प्रत्यक्षतर्फको नतिजा सार्वजनिक गर्ने आयोगको योजना

काठमाण्डु । आगामी प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको नतिजा तीन दिनभित्र सार्वजनिक गर्ने निर्वाचन आयोगको योजना रहेको छ । निर्वाचनको तयारीबारे जानकारी दिन आज आयोजित पत्रकार सम्मेलनमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन भएको तीन दिन अर्थात् मङ्सिर ७ गते बेलुकासम्ममा प्रत्यक्षतर्फका सबै नतिजा सार्वजनिक गरिसकिने कार्ययोजना बताउनुभयो।

'सबै मतपेटिकाहरू सङ्कलन भएको लगत्तैदेखि मतगणना प्रारम्भ हुनेछ', उहाँले भन्नुभयो,"तीन दिनभित्र प्रत्यक्षतर्फ र त्यसको पाँच दिनभित्र समानुपातिकका सबै मतगणना सक्ने गरी योजना बनाएका छौँ।' मङ्सिर २२ गतेभित्र निर्वाचनको सम्पूर्ण नतिजाको प्रतिवेदन आयोगले राष्ट्रपतिसमक्ष बुझाउन चाहेको जनाउँदै उहाँले भन्नुभयो,"निर्वाचन प्रक्रियामा सबैको प्रतिबद्धता र सहयोग भएको खण्डमा त्यो सम्भव हुन्छ भन्नेमा आयोग ढुक्क छ।'

अस्वाभाविकरूपले मतदान भएका केन्द्रलाई आयोगले विशेष सूचीमा राख्ने जानकारी दिँदै प्रमुख निर्वाचन आयुक्त थपलियाले मतदान केन्द्रमा तीन वटा सुरक्षा घेरा रहने व्यवस्था गरिएको बताउनुभयो।

उहाँले कुनै केन्द्रमा अप्रिय घटना भएमा ३० मिनेटभित्र नेपाली सेना पुग्ने व्यवस्था मिलाइएको जानकारी दिनुभयो । बुथ कब्जा गरेर चुनाव जित्ने सोच नराख्न राजनीतिक दल र उम्मेदवारलाई सुझाव दिँदै उहाँले वारेसका आधारमा मतदान गर्ने प्रवृत्तिलाई निस्तेज तुल्याइने बताउनुभयो। आगामी दुई दिनभित्र मतदान केन्द्र निर्माणको कार्य पूरा भइसक्ने आयोगले जनाएको छ । प्रजातन्त्रको मेरुदण्डका रूपमा रहेको आवधिक निर्वाचनको मुख्य सरोकार पक्ष भनेको उम्मेदवार र मतदाता नै हुन् । सार्वजनिक सञ्चार माध्यम र सामाजिक सञ्जालमार्फत मतदाता शिक्षा कार्यक्रम सञ्चालन भएकाले विगतका जस्तो तडकभडक नभएको आयोगले जनाएको छ।

यही मङ्सिर ४ गते देशभर एकै चरणमा हुने उक्त निर्वाचनको लगभग सम्पूर्ण तयारी पूरा भएको सो अवसरमा जानकारी दिइयो । उक्त निर्वाचनमा एक करोड ७९ लाख ८० हजार पाँच सय ७० मतदाता कायम छन् । यही मङ्सिर ३ गतेसम्म १८ वर्ष उमेर पुगेका बालिग मतादाताले निर्वाचनमा मतदान गर्न पाउनेछन्। मतदानका लागि १० हजार आठ सय ९२ मतदान स्थलमा २२ हजार दुई सय २७ मतदान केन्द्र कायम गरिएको छ। रासस

रोजगार बनौ । Admission Open रोजगार बनौ ।।

जनकपुर अंचल भरीमै लगातार उत्कृष्ट रिजल्ट ल्याउन सफल एक मात्र सु-प्रसिद्ध तालिम केन्द्र

शंकर टेक्निकल

शैक्षिक सत्र २०७९/२०८० मा डिप्लोमा तथा प्रि-डिप्लोमा तहको पूर्ण शुल्किय तर्फ केही सिट मात्र खाली रहेको हुनाले पुनः प्रवेश परीक्षा संचालनका लागि आवेदन फारम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

**DIPLOMA PROGRAMME**

◆ ल्याब टेक्निसियन (CMLT) ३ वर्षे

**PRE-DIPLOMA PROGRAMME**

◆ बिद्युत सब- ओभरसियर (E.S.O.) १८ महिना
◆ सिभिल सब- ओभरसियर (E.S.O.) १८ महिना
◆ सर्भे ईन्जिनियरिङ्ग (अमिन नापी) १८ महिना

कोर्षहरुमा Diploma को लागि S.L.C. तथा SEE मा न्यूनतम 2GPA तथा प्रि-डिप्लोमाको लागि SLC तथा SEE मा E ग्रेड सम्मका विद्यार्थीहरु नयाँ भर्नाको लागि सर्म्पक गरेर आ-आफ्नो सिट सुरक्षित राखी मौकाको फाइदा उठाउनु होस्।

**फारम भर्ने अन्तिम मितिः**- २०७९/मंसिर/०८ गते सम्म
**पुनः प्रवेश परीक्षा हुने मितिः**- २०७९/मंसिर/१० गते शनिबार विहान ८:०० बजे

**सर्म्पक स्थान**

**शंकर टेक्निकल ट्रेनिङ्ग सेन्टर**

जिरोमाईल (कबरगाह देखी दक्षिणपट्टी जाने बाटोमा) जनकपुरधाम
फोन नं. ०४१-४२१३६२, ९८४४०३८३६७, ९८१२०९१४६४



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# आचारसंहिता उल्लंघन रोक्न आयोग असफल

नेपालमा प्रतिनिधि र प्रदेश सभाको मंसिर ४ गते हुन लागेको चुनावलाई निष्पक्ष र स्वतन्त्र रुपमा सम्पन्न गर्न निर्वाचन आयोगले आचारसंहिताको पालना गराउन असफल भएको छ ।आयोगले भोजभतेर नखान र नगर्न भने पनि त्यो निरन्तर जारी छ ।मतदातालाई प्रलोभनमा पार्ने काम नगर्न आयोगले भने पनि त्यो कार्यान्वयन हुन सकेको छैन् ।आर्थिक रुपमा समृद्ध उम्मेदवारहरुले कात्तिक २९ गतेदेखि सुरु गरेको आर्थिक चलखेलले निष्ठावान उम्मेदवारहरु ओझेलमा पर्न थालेका छन् ।आयोगले दिएको कुनै निर्देशनलाई उम्मेदवारहरुले पालना गरिरहेका छैनन् ।प्रचारका लागि सवारी साधनको संख्या सीमित गरिए पनि असीमित संख्यामा सवारी साधनहरु अझै चुनाव प्रयोजनमा गुडिरहेका छन् ।आयोगले निषेध गरेका कार्यहरु उम्मेदवारले जारी राखेका छन् ।स्थानीय प्रशासनले मद्यमांसको बेचबिखनमा रोक लगाए पनि त्यसको बिक्रीमा कुनै कमी आएको छैन् ।अन्य समयमा ढिलोमा राति १० बजेसम्म सञ्चालन हुने मद्यमांसको होटेल अहिले राति १ बजेपछि सम्म पनि चलेको देखिन्छ ।मद्यमांसको बिक्रीमा कमी नआउनु भनेको उम्मेदवारहरुले गर्ने खर्च जारी रहनु हो ।आयोगले निर्धारण गरेको भन्दा धेरै बढी खर्च पर्चा, पोष्टर , सवारी साधन र त्यसको इन्धनमा भइसकेको छ ।तर आयोगले त्यसको कुनै लेखाजोखा नै राखेको छैन् ।आचारसंहिता उल्लंघनको क्रमलाई प्रारम्भमै रोकेको भए अहिले करोडौ खर्च गर्न उम्मेदवारहरुले आँट नै गर्ने थिएनन् ।आयोगको फितलो कार्यान्वयनले आचारसंहिताको चरम उल्लंघन भएको र इमान्दार, जनताप्रति उत्तरदायी उम्मेदवारहरु पाखा लाग्न थालेका छन् ।मतदाता र गैरमतदाताहरुको केही समूहमा उम्मेदवारहरुले गरिरहेको लगानी आचारसंहिताको पूर्ण खिलाफ हो ।आचारसंहिताको पालनाका लागि निर्वाचन आयोगले प्रारम्भमा तडकभडक दिए पनि यथार्थमा कडाई गर्न सकेन् ।आचारसंहिता उल्लंघन गरेको ठहर गर्दै जिल्लाबाट भएका सिफारिसहरुको समेत कार्यान्वयन भएन् ।आचारसंहिता उल्लंघनको समाचार प्रकाशित भए पनि आयोगले कुनै कारबाही नगर्दा पनि उम्मेदवारहरुको मनोबल बढदै गयो ।उनीहरुले आचारसंहिता उल्लंघनको क्रमलाई झन् तिव्र बनाए ।अबको मौन अवधिमा सर्वाधिक आचारसंहिता उल्लंघन हुनेछ ।गठबन्धनहरुबाट अथवा स्वतन्त्र उम्मेदवारहरुले मतदातालाई प्रभावित गर्न अनेकौ प्रलोभनमा पार्ने प्रयास गर्ने छन् ।सर्वाधिक चलखेल नगद र मद्यमांसको हुनेछ ।मद्यमांस उपलब्ध गराएर उम्मेदवारहरुले मतदातालाई प्रभावित गर्ने छन् ।कतिपय उम्मेदवारहरुले नगद बितरण र घर-घरमा नै मासु रक्सीको प्रबन्ध मिलाउन सकृय छन् ।चुनाव प्रचारको अन्तिम दिन उम्मेदवारहरुले सम्पूर्ण जोडतोड लगाए पनि सभामा सहभागी भएकाहरुलाई स्थलमै नगद र मद्यमांसका लागि रकम बितरण गरे ।यसबाट उम्मेदवारहरुले अन्तिम चरणमा मतदातालाई प्रभावितगरी जित सुनिश्चित गर्ने छन् ।

# निर्वाचनः नयाँ आयाम र अनुभूति



**एकराज पाठक**

सन् २०१४ को डिसेम्बरमा जापानमा संसदीय निर्वाचन हुँदै थियो र हामी एसियाका १५ देशका पत्रकार राजधानी टोकियोमा थियौँ । निर्वाचनमा नभएर हामी जापानको विदेश मन्त्रालयको निमन्त्रणामा त्यहाँ पुगेका थियौँ । सहर नगरमा कतै पर्चा पम्प्लेट थिएनन् ।

न त विभिन्न कला र 'कलर'मा उम्मेदवारका तस्वीर नै टाँसिएका थिए । भित्तेलेखनका रङ्गीचङ्गी केही भेटिँदैनथे । डिसेम्बर १४ मा मतदान थियो र त्यस दिन केही निर्वाचन केन्द्रको निरीक्षण गर्‍यौँ । त्यस दिन जापान सरकारका तीन कार्यालयका कार्यालयमा पुग्यौँ । सबै सरकारी कार्यालय, विद्यालय, विश्वविद्यालय सञ्चालनमा थिए । कतै सवारी बन्द थिएनन्, मतदान केन्द्र या कार्यालयमा कतै भीड थिएन । यो सबै देख्दा लाग्थ्यो यसरी पनि कसरी आमनिर्वाचन भइरहेको होला ? सोच्थेँ- चुनावको छ महिनाअघिदेखि प्रचारको कोलाहल सुरु हुने हाम्रो देशमा पनि यस्तो निर्वाचन सम्भव होला ?

करिब छ महिनाअघिको हाम्रो स्थानीय निर्वाचनले थालनी गरेको नयाँ अभ्यासले हामीलाई केही प्रतिशतमात्र भए पनि जापानको त्यो 'सभ्य' निर्वाचन प्रक्रियाको करिब नजिक ल्याइदिएको छ । त्यही नयाँ अभ्यासलाई आसन्न निर्वाचनले लगभग स्थापित गरिदिएको छ । चुनाव भनेपछि घरका भित्ता, सडक छेउका पर्खाल, नगरका साझा भौतिक सम्पत्तिहरू सबै पर्चा र पम्प्लेटले रङ्गीचङ्गी हुने परम्परा अब लगगभ हटेको छ ।

कसैको अनुमति चाहिँदैनथ्यो, प्रचारमा खटिएका पात्रहरूले नागरिकका घर पर्खालमै यस्ता पर्चा टाँसिदिन्थे । उम्मेदवारका विभिन्न कद र कलामा सजिएका तस्वीर नगरका भौतिक संरचनामै झुण्डिएका हुन्थे । निर्वाचनको प्रचारअघि टाँसिएका यी प्रचार सामग्री निर्वाचन सकिएपछि उम्मेदवारले हटाउँदैनथे, नगर-महानगरले नै कर्मचारी खटाएर हटाउनुपर्थ्यो । पछिल्ला दुई निर्वाचनमा नै यो अभ्यास स्थापित भएपछि अब लाग्दैछ चुनावका नामको यो ज्यादति दोहोरिँदैन होला ।

चुनावमा यस्तो प्रचार रोक्न के सम्भव छ ? किनभने नेपालको निर्वाचन आयोग या अन्य कतिपय संवैधानिक निकायहरू राजनीतिक दलकै छत्रछायाँ प्राप्त हुने गरेकाले उनीहरूको सहमतिबेगर यस्तो होला र ? यी प्रश्नको निरुपण निर्वाचन आयोगले गरेको बुझिन्छ। निर्वाचन आयोगका चुनावी योजना र कार्यक्रममा वर्तमान सरकार तथा राजनीतिक दलहरू सकारात्मक भइदिँदा यो नयाँ थिति बस्न सकेको हो । अहिले नगर, बजार सफा छ । सडक छेउमा कुनै उम्मेदवारका ठूला- ठूला तस्वीर झुण्डिएका छैनन् ।

व्यक्तिका निजी निवास या पर्खालमा पनि विगतको जस्तो ज्यादति भेटिँदैन । विगतका दृश्यहरूको कल्पना गर्ने हो भने त चुनाव आउन अब एक हप्तामात्र बाँकी रहेको अनुमान पनि गर्न सकिँदैन । तर सडक नगरका ती भौतिक पर्चाहरू अहिले भर्चुअल माध्यमतर्फ भने सरेका छन् । यतिखेर नागरिकका फेसबुक, ट्वीटरजस्ता सामाजिक सञ्जालमा यस्ता प्रचार भेटिन्छन् । यो देख्दा लाग्छ भौतिकरूपमा उपलब्ध सञ्चारमाध्यम जसरी डिजिटल बनेका छन्, चुनाव प्रचारको शैलीले पनि नयाँ आयामको जन्म लिएको छ ।

हिजोका चुनावमा जसरी उम्मेदवारले नसुहाउने ढङ्गबाट आफ्ना अस्वाभाविक आकृति चुनाव प्रचारका नाममा सार्वजनिक स्थानमा राख्ने गर्दथे त्यही रोग अहिले सामाजिक सञ्जालमा सरेको छ र यो हेर्दा व्यक्तिका सामाजिक सञ्जालको नाम सामाजिक भने त घर-घरमा पुगेर नागरिकलाई मतदाता शिक्षा दिनुपर्ने अवस्थाको पनि अन्त्य गर्न सकिन्छ । त्यसो त, गएको स्थानीय निर्वाचनबाट नै निर्वाचन आयोगले यो परम्परागत कामको अन्त्य गरेको थियो र यस निम्ति केही हदसम्म प्रविधिको सहायता लिएको पनि थियो । यद्यपि, कतिपय राजनीतिक दलहरूले पहिलोपटक मतदाता शिक्षा कार्यक्रम नगर्नाले धेरै मत बदर भएको अर्थ लगाए र अहिले महिला स्वयंसेविका परिचालन गरिएको छ । यद्यपि, मतदाता शिक्षाको अभावले नै मत बदर भएको होइन भन्ने तथ्य त सबैभन्दा धेरै मत काठमाडौँ, पोखरामा बदर भएबाट पनि उद्घाटित भएकै हो । सायद हिजोका दिनमा कतिपय राजनीतिक दलले आफ्ना कार्यकर्तालाई ठूलो रकमसहित मतदाता शिक्षाको काममा संलग्न गराएका पनि थिए होलान् ।

कारण यही हो या अरु केही, यस्ता भौतिक शिक्षाको काम बन्द गरेर डिजिटल सेवामा जानु




मात्र दिने कि त्यसको अगाडि 'अ' थप्ने भन्ने प्रश्न जन्मिएको छ । हिजोको भौतिक पर्चाको त्यो पर्खाल अहिले सामाजिक सञ्जालको 'वाल' मा सरेको छ ।

समाज परिवर्तनको चक्रमा घुम्ने धेरै तत्वमध्येको अग्रस्थान प्रविधिले ओगटेको धेरै भइसक्यो । त्यसको केही अंशले नेपालमा पनि विस्तारै प्रवेश पाएको छ । प्रविधिको विकासले समाजका धेरै क्षेत्रमा नयाँ आयाम थपिदिएजस्तै निर्वाचनको प्रचार शैलीमा पनि परिवर्तन ल्याइदिएको देख्न सकिन्छ । अहिले भौतिक पर्चाबाट भर्चुअलमा आउँदा हामीलाई नयाँपनको महसुस भएजस्तै भोलिका दिनमा यो पनि पुरानो हुने गरी अर्को नवीनतम् आयाम जन्मिनसक्छ प्रविधिको प्रयासबाटै । जसरी अहिले फेसबुकले आफ्नो सेवामा बहुआयामिकताको विकास गरेको छ यसरी नै अघि बढ्दा अहिले फेसबुकले 'अडियो कमेन्ट' गर्न दिएको सुविधा पनि भोलिका दिनमा धेरै पुरानो भइसक्ने दिन छिट्टै नआउला भन्न सकिँदैन ।

यो प्रविधिको विकासबाट लाभ लिन सक्ने हो यिनै पछिल्ला निर्वाचनमा देखिएको अर्को एक नयाँ आयाम भने हो । यसो हुँदा आफ्ना मत बदर भए भने आफूहरूलाई नै मर्का पर्छ भनेर राजनीतिक दलहरूले आफ्ना कार्यकर्तालाई मतदाता शिक्षामा खटाउन सके झनै राम्रो । आखिर उनीहरू जनताका घरदैलोमा पुगी नै हाल्छन् । उनैले सर्वसाधारण नागरिक, जो मतपत्रमा छाप लाउने तरिका जानेका हुँदैनन् उनीहरूलाई सिकाउँदा राम्रै होला । यो काममा सामाजिक सञ्जाल प्रयोग गर्न सके त झनै राम्रो ।

निर्वाचन आयोगले आचारसंहिताको पालना कडाइका साथ गरेको देखिएको छ । चुनावका बेलामा एकले अर्को पार्टीलाई आरोप-प्रत्यारोप त गरिहाल्छन् नै । तर आपत्तिजनकरूपमा कसैले विरोध गरेमा तथा राजनीतिक दलहरूले तडकभडकरूपमा प्रचारका शैली अपनाएका धेरै नेतालाई निर्वाचन आयोगले स्पष्टीकरण सोध्ने गरेको छ । यसबाट अहिले नै नभए पनि निर्वाचनमा हुने खर्चका तरिका र विधिमा आगामी दिनमा परिवर्तन आउने नै छ । अर्कातर्फ सरकारी बेरुजु राख्ने तथा पहिलेका निर्वाचनमा आफूले गरेको खर्चको विवरण नबुझाउने उम्मेदवारलाई आयोगको अर्को कडाइ यसपटकको निर्वाचनमा देखापर्‍यो । यसैकारणले कतिपय उम्मेदवारको यसपटक उम्मेदवारी पनि खारेज हुन पुगेको छ । यो नजिर आगामी निर्वाचनमा पनि स्थापित हुन सकोस् । यसबाट हाम्रो निर्वाचन प्रणालीमा धेरै नै परिवर्तन आउने छ । मुलुकमा संसदीय निर्वाचन प्रजातन्त्रको सुदृढीकरणका लागि हो र प्रजातान्त्रिक आचरण भनेको मानवीय व्यवहारकै एक उच्चतम् अभ्यास पनि हो । त्यसैले मुलुकमा हुने आवधिक निर्वाचनहरू पनि यस्तै प्रजातान्त्रिक आचरणका हुन् भन्ने अपेक्षा नागरिकको रहेको हुन्छ । र यी नयाँ आयामले नै यस्ता आचरणको फैलावटमा सहज बनाउने छ ।

स्वतन्त्र उम्मेदवारीमा युवाहरूको बढ्दो आकर्षण यो निर्वाचनको अर्को एउटा नयाँ आयाम नै हो । मुलुकका परम्परागत मिडियाले तिनको प्रचारलाई प्राथमिकतामा राख्न नसके पनि सामाजिक सञ्जालबाट पनि उनीहरूबारे नागरिकले जान्न पाएका छन् । वैशाखको स्थानीय निर्वाचनले स्थापित गरिदिएका केही स्वतन्त्र नयाँ अनुहारको जगमा उभिएर अहिले उम्मेदवारीको यो नयाँ स्वरुप देखापरेको हुनसक्ने धेरैको मत छ ।

अघिल्लो निर्वाचनमा सफल बनेका केही पात्रहरूको उदाहरण यहाँ अनुसरण गर्न खोजिएको भए पनि उनीहरूलाई मतदाताले स्थापित गर्न भने बाँकी नै छ । यो आयामले आउने दिनमा निर्वाचनमा राजनीतिक पार्टीमात्र नभएर कुनै पनि व्यक्तिको योग्यता र क्षमतालाई पनि मतदाताले कसी लाउन पाउने अवसर प्राप्त हुनेछ । यो नयाँ प्रवृत्तिले आगामी दिनमा नेपाली राजनीतिलाई निर्मलीकरण गर्न केही हदसम्म सहयोग गर्न पनि सक्छ ।

निर्वाचनको अघिल्लो दिन मतदानको उमेर पुगेकालाई मत हाल्न दिने निर्वाचन आयोगको नयाँ निर्णयले नयाँ मतदाता थपिदिएको छ । अहिले निर्वाचनमा खट्ने तथा सो क्षेत्रमा रहेका कर्मचारीलगायतलाई अस्थायी मतदान केन्द्र स्थापना गरी मत हाल्न दिने व्यवस्था पनि गरिएको छ । यसबाट मत जाहेर गर्न पाउने सम्बद्ध व्यक्तिको अधिकारको रक्षा भएको छ ।

त्यस्तै अघिल्लो निर्वाचनमा भएको खर्च विवरण नबुझाएकाको उम्मेदवारी नै खारेज गर्ने पछिल्लो निर्णयले उम्मेदवार र चुनावका बीचको दायित्व र इमान्दारिताको दायरालाई केही फराकिलो पारिदिएको छ । यो निर्वाचनका यी केही नयाँ आयामलाई आगामी दिनका चुनावमा पनि निरन्तरता पाउनु जरुरी छ । विदेशमा रहेका दशौँ लाख नेपालीले मतदान गर्न पाउने अधिकारको यसपटक पनि सुनुवाइ हुन किन सकेन ? त्यस्तै प्रविधिको यो स्वरुपको विकास देखिरहेको देश अझै पनि विद्युतीय मतदानमा जान नसक्नुका कारण के होलान् ? नयाँ निर्वाचनले नयाँ-नयाँ आयाम जन्माइरहँदा हाललाई अनुत्तरित रहेका यी प्रश्नको जवाफ आगामी दिनमा भने सबै मिलेर खोज्नैपर्ने हुन्छ ।

# निर्वाचनपछि स्थिर सरकार र गतिशील अर्थतन्त्रको अपेक्षा

हेमन्त ऋतुतिर पदार्पण गरिरहँदा मुलुकको तापक्रम निरन्तर घटिरहे पनि यति नै बेला आमनिर्वाचनको मतदानको दिन नजिँकिदै जाँदा चुनावी तापक्रम भने बढिरहेको छ । प्रजातान्त्रिक अधिकारको प्रयोगको हुटहुटीले नेपाली जनता प्राकृतिक चिसोपनलाई जित्दै गइरहेका छन् र शान्तिपूर्ण मतदानको नतिजापछि प्राप्त हुने स्थिर सरकारले दिने समृद्धिको शीतल कामनामा रमिरहेका छन् ।

नेपालमा विद्युतीय यन्त्रबाट मतदान गर्ने प्रक्रिया सुरु भइसकेर पनि सङ्ख्यात्मक अपर्याप्तताले निरन्तरता दिन सकिएन । यस्तो मतदान विधि विकसित राष्ट्रको मापन पनि हो । त्यस्तै समय नभएकाहरूले आमनिर्वाचनको मिति तोकिएको दिनपूर्व नै मतदान गर्न सक्ने व्यवस्था पनि हामीकहाँ छैन । यसले कामकाजी वा व्यस्त मानिसहरूलाई मतदान गर्ने अवसर खुल्थ्यो र मतदातामा नाम हुँदाहुँदै पनि मतदान गर्न नपाउनेहरूलाई राहत मिल्दा मतदानको प्रतिशत पनि बढ्थ्यो । अध्ययन वा कामविशेषले विदेश गएकाहरू अर्थात् गैरआवासीय नेपाली तर स्वदेशको नागरिकता नत्यागेका र विदेशको ग्रहण नगरेकाहरूले मताधिकारको माग गरिरहेका छन् जुन लागु हुन सकेको छैन । त्यस्तो अधिकार प्राप्त हुँदा विदेशमा बस्ने नेपालीको राष्ट्रिय भावना वृद्धि भई स्वदेशमा लगानी गर्न अझ बढी हौसला प्राप्त गर्थे । केही प्राविधिक कारणले मात्र आधुनिक समाज वा राष्ट्रमा हुने आमनिर्वाचनका केही प्रक्रिया नेपालमा लागु हुन नसके पनि नियमित निर्वाचनहरूले हाम्रो प्रजातान्त्रिक प्रक्रियालाई बल दिइरहेका छन् र आगामी दिन अझ बढी जरो गाडी लोकतन्त्र-गणतन्त्र कसैले हल्लाउन नसक्ने स्थितिमा पुग्ने सुनिश्चित हुन्छ ।

नेपालमा निर्वाचन प्रणाली अपनाइएको साढे सात दशक भइसकेको छ । प्रजातन्त्र प्राप्तिपछिको केही वर्ष निर्वाचन हुन नसक्दा भएको अन्योल र अस्थिरता २०१५ को आमनिर्वाचनले हटाएको थियो । त्यो पनि २०१७ को कदमले निमठिदियो । पञ्चायतकालमा पनि कुनै न कुनै रूपमा आमनिर्वाचनहरू भइरहे । वाम र प्रजातान्त्रिक विचारधाराका केही दल त्यसमा सहभागी नहुँदा वा बहिष्कार गरिँदा पनि जनतामा प्रजातान्त्रिक जागरण वा चेतना भने केही हदसम्म बढ्दै थियो । विसं २०३६ जेठ १० मा घोषित भई २०३७ वैशाख २० गते नेपालकै इतिहासमा पहिलो पटक 'बहुदलीय व्यवस्था' वा



'सुधारसहितको निर्दलीय पञ्चायती व्यवस्था' रोज्न भनी आयोजित जनमतसङ्ग्रहले त ४५ प्रतिशत प्रजातान्त्रिक व्यवस्थाप्रतिको चाहनालाई व्यक्त गरिदियो । आखिर २०४२ सालको सत्याग्रह र बम विस्फोट हुँदै २०४६ को जनान्दोलनपछि प्राप्त 'नेपालको संविधान २०४७' बाट मुलुकमा संवैधानिक राजतन्त्रसहितको बहुदलीय व्यवस्था लागु भई स्वतन्त्रता र प्रजातन्त्रको उच्चतम प्रयोगका साथ करिब १० वर्षमा तीन आवधिक निर्वाचनसमेत सम्पन्न भए र मुलुकको प्रजातान्त्रिक जगलाई निकै सुदृढ गरिदियो ।

यसबीचमा भएका निर्वाचनका अभ्यासले कुनै दललाई कहिले बहुमत र अल्पमत र कुनै दललाई ठूलो दल बनाइदिने, कुनै दललाई पहिलेभन्दा खुम्च्याइदिने वा बढी सिट दिलाइदिने काम गर्‍यो । यसरी प्रजातन्त्रको ठूलो आधार आवधिक निर्वाचनले नेपाललाई विश्वमा प्रजातान्त्रिक राष्ट्रको पहिचान दियो, अन्तरराष्ट्रिय प्रतिष्ठा बढ्दै गयो । यसबाट वैदेशिक लगानी, ऋण वा अनुदानका ढोकाहरू खुल्दै गई मुलुकले समृद्धिको दिशा पनि प्राप्त गर्दै गयो ।

पछि दलहरूमा भएको आन्तरिक कलह, अस्थिर सरकार र जनापेक्षित सेवा प्रवाह नहुँदा मुलुक २०५२ देखि सशस्त्र द्वन्द्वको भुमरीमा फस्यो र प्रजातान्त्रिक निर्वाचनबाट पनि टाढा भयो । शान्तिको अभाव वा शारीरिक-मानसिक आतङ्कबीच २०५८ मा नारायणहिटी दरबार हत्याकाण्डसम्म हुन पुग्यो ।

यस्तो भयङ्कर अनिश्चियका बीच विसं २०५९ मा आवधिक निर्वाचन नहुँदा(स्थानीय सरकारको पनि) राजाले जनाधिकार आफ्नो हातमा लिने मौका पाए र मुलुक प्रजातन्त्रविहीन गर्तमा खस्यो । सात राजनीतिक दल र तत्कालीन नेकपा(माओवादी)बीचको बाह्रबुँदे सम्झौताले आखिर २००७ मै परिकल्पना गरिएको संविधानसभाको निर्वाचन (२०६४ र ७०) गराएको थियो भने विसं २०६५ मा राजतन्त्रलाई बिदाइ गरेर विसं २०७२ मा 'नेपालको संविधान' लागु भई नयाँ निर्वाचन (२०७४) पनि हुन सक्यो ।

जनताद्वारा निर्मित नयाँ संविधान लागु भएपछि यो दोस्रो आमनिर्वाचन (२०७९ मङ्सिर ४) नियमित रूपमा हुन लागे पनि पाँच वर्ष सत्तारुढ दलमा विभाजन हुनाका साथै सरकार, संसद्, अदालत र राष्ट्रपति कार्यालयसमेत विवादमा तानिए । वर्तमान निर्वाचनपछि संसदीय अङ्कगणितमा राम्रो समीकरण र सन्तुलन भई स्थिर सरकारका पक्षमा नेपाली जनताले मतदान दिने आशा गर्न सकिन्छ ।

भर्खरै विश्व आठ अर्ब जनसङ्ख्यामा प्रवेश गरेका अवस्थामा करीब तीन करोड मात्र जनसङ्ख्या भएको हाम्रो मुलुकको गणना माथिल्लोस्तरमा नभए पनि कुल जनसङ्ख्याको आधाभन्दा बढी मतदाता भएको नेपालको गणना प्रजातान्त्रिक वा लोकतान्त्रिक वा गणतान्त्रिक मुलुकका रूपमा दरिएर सम्मानित हुन पाएको छ ।

पुराना-नयाँ तथा हिमालदेखि पहाड केन्द्रित क्षेत्रीय-जातीय राजनीतिक दलसमेतले स्विकारेको यो निर्वाचन गौण रूपमा सुनिएको केही दलको बहिष्कार निस्तेज पार्दै शान्तिपूर्ण रूपमा गराउन सरकार, निर्वाचन आयोग, राजनीतिक दल र जनता(मतदाता) प्रयत्नशील हुने नै छन् ।

मुख्यतः दुई गठबन्धनमा विभक्त प्रमुख राजनीतिक दलहरूको प्रतिस्पर्धाबीच केही नयाँ दल पनि निर्वाचनलाई आफ्ना पक्षमा पार्न सक्रिय छन् । स्वतन्त्र र युवाहरूको जमातले पनि सञ्चारमाध्यमको ध्यान तानेको छ । कानुनले तोकिएको अवस्थामा बाहेक निर्वाचनमा जुनसुकै उमेर समूह र विचारधाराका व्यक्तिलाई पनि भाग लिन छुट दिएकै छ । त्यसलाई अन्यथा रूपमा लिनु हुँदैन । ऐननियमले सबै दल र स्वतन्त्र उम्मेदवारलाई आआफ्ना घोषणा गर्न सबैलाई स्वतन्त्रता पनि दिएको छ । निर्वाचनमा शान्तिपूर्ण, स्वच्छ र विनातडकभडक भाग लिन आयोगले गरेको आग्रहलाई पनि स्वाभाविक रूपमा लिनुपर्छ ।

'मिसइन्फर्मेसन, डिस्इनफर्मेसन र हेट स्पिच' भने स्वच्छ निर्वाचनको उद्देश्य प्राप्तिका लागि अवरोधक हुन् । आफ्ना पक्षलाई जिताउने नाममा प्रतिस्पर्धी समूह वा मन नपरेका दलीय वा स्वतन्त्र उम्मेदवारलाई खुला वा लुकेर बदनाम-दुर्नाम गर्ने, हिलो छ्याप्ने र जथाभावी आरोपप्रत्यारोप गर्ने काम क्षम्य हुन्न । सबैलाई उत्तिकै अवसर दिन ठूलाठूला तडकभडक र फजुलखर्ची



**श्याम रिमाल**

निर्वाचन गतिविधिप्रति बन्देज लगाएको आयोगले पनि सरकार, साना-ठूला भनिएका दल र तिनका उम्मेदवार तथा स्वतन्त्र उम्मेदवारका निर्वाचन अभियानमा देखिएका क्रियाकलापमा कामकारवाही गर्दा पक्षपात भने गर्नुहुन्न । यथार्थतः निर्वाचनपूर्व सबै दल समान हुन् । निर्वाचनको मतपरिणामले मात्र कुनै दललाई ठूलो र सानो तथा राष्ट्रिय मान्यताप्राप्त वा अप्राप्त भन्ने निश्चित हुने हो ।

निर्वाचनपछिको सरकारको ध्यान जनतालाई 'डेलिभरी' दिने तथा नेपाललाई मध्यम आययुक्त मुलुकको श्रेणीमा पुर्‍याउन केन्द्रित हुनुपर्ने छ ।

मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता र स्वतन्त्रताको रक्षा गर्दै विद्यमान द्विदेशीय तथा त्रिदेशीय सीमा विवाद कूटनीतिक माध्यमबाट संवाद गरी हल गरी नेपालको नक्सामा परिसकेको नेपाली भूमि फिर्ता गर्ने तिरपनि लाग्नुपर्ने हुन्छ । सीमा पक्षलाई उपेक्षा गर्दा भावी सन्तति तिनै समस्यातिर अल्झिन बाध्य हुने छन् । जुनसुकै सरकार आए पनि यो विषय सर्वदलीय सहमतिका आधारमा सल्टाइनुपर्ने दायित्व सबै दलको हो । केही दलले घोषणापत्रमा समावेश गरेको शासकीय स्वरूप र निर्वाचन प्रणाली परिवर्तन गरिने भन्ने बुँदाले संविधान संशोधनको माग गर्छ । तीन तहका सरकारको अधिकार- साझा अधिकार एवं आपसी समन्वय, केही जिल्लाको नामकरण (जस्तै पूर्वी र पश्चिमी रुकुम, नवलपरासी (बर्दघाट सुस्तापूर्व र बर्दघाट सुस्तापश्चिम) जस्ता विषयमा संविधान संशोधन गर्ने तयारी दलहरूले गर्नुपर्छ ।

समग्रमा जनताका अपेक्षानुसारका सेवा, मुलुकको समृद्धि तथा राष्ट्रिय स्वाभिमान वृद्धि र भौगोलिक अखण्डताको रक्षाको विषय नै कुनै पनि सरकारको लक्ष्य एवं योजना हुन् र नेपाली जनताले भर्खरै स्थानीय तहका नयाँ सरकारपछि पाउन लागेका प्रदेश र सङ्घीय सरकारले त्यसको प्राप्तिका लागि आफ्ना सम्पूर्ण साधन-स्रोत र बुद्धि लगाउने छन् भन्ने आशा गर्न सकिन्छ ।

# संविधानको रक्षा र समृद्धिका लागि गठबन्धनका उम्मेदवारलाई मतदान गर्न अपिल



काठमाण्डु। नेपाली कांग्रेसको नेतृत्वमा रहेको लोकतान्त्रिक-वाम गठबन्धनले यही मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा संविधानको रक्षा, स्थिरता र समृद्धिका लागि गठबन्धन दलका उम्मेदवारलाई मतदान गर्न अपिल गरेको छ।

गठबन्धन दलका शीर्षनेताहरूले आज एक संयुक्त अपिल जारी गर्दै पाँच वर्षमा हुने यो आम निर्वाचनलाई राष्ट्रिय महोत्सवका रूपमा लिएर मतदानमा सहभागी भई लोकतान्त्रिक-वाम गठबन्धनका उम्मेदवारलाई अत्यधिक बहुमतले विजयी गराउनुहुन आह्वान गर्नुभएको छ । संविधानको भावनाअनुरुप लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासका पक्षधर लोकतान्त्रिक-वाम गठबन्धनलाई विजयी गराउनुपर्ने गठबन्धनको तर्क छ।

"कांग्रेसको नेतृत्वमा रहेको लोकतान्त्रिक-वाम गठबन्धनका पक्षमा देशभर जनलहर आएको र नेता कार्यकर्ताहरू उत्साहित भएर सहभागी हुनु भएबाट गठबन्धनको विजय सुनिश्चित रहेको हामीले महसुस गरेका छौँ । यो अभियानलाई निरन्तरता दिँदै आम मतदातालाई मतदानमा सहभागी गराउन पार्टीका साथीहरू एवं शुभेच्छुकहरूमा हार्दिक अपिल गर्दछौँ", अपिलमा उल्लेख छ । देशको संविधान, कानुन, विधि र प्रक्रिया उल्लङ्घन गरी दुई-दुईपटक गरेको प्रतिनिधिसभा विघटन र कोरोना महामारीमा परेका नागरिकलाई खोप दिलाउनु सट्टा भ्रष्टाचारमा निर्लिप्त हुँदै अनेकन स्वेच्छाचारी र प्रतिगामी कदम चालेपछि तत्कालीन सरकारविरुद्ध विसं २०७८ असारमा गठबन्धन बनाउनुपरेको अपिलमा जनाइएको छ।

यो गठबन्धनको सरकार बनेपछि पनि प्रतिगमनकारी र अधिनायकवादी आक्रमणको खतरा कायम रहेका कारण स्थानीय निर्वाचन र यो आम निर्वाचनमा समेत संविधानका पक्षधर शक्ति एक ठाउँमा उभिएको गठबन्धनका नेताहरूले उल्लेख गर्नुभएको छ। गठबन्धनका शीर्षनेताहरूद्वारा विहीवार जारी अपिलमा भनिएको छ, "झण्डै डेढ वर्षको यो अवधिमा सरकारले स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित तवरमा निर्धारित समयमा नै स्थानीय तहको निर्वाचन सम्पन्न गराएको छ । मुलुकको विदेश नीतिमा सन्तुलन कायम गरेको छ । नागरिकलाई सत्ताको अधिनायकवादी त्रासबाट मुक्त गर्दै दैनिक जीवनयापनका स्रोत, साधनको नियमित आपूर्ति गर्दै आएको छ।"

गठबन्धनका प्राथमिकताहरू अहिले पनि उत्तिकै प्रष्ट रहेको र संविधानमाथि कुनै खालको आक्रमण हुन नदिने तथा विकासका पूर्वाधारहरूलाई छिटोभन्दा छिटो सम्पन्न गरी मुलुकलाई विकासशील मुलुकको दाँजोमा माथि उठाउने लक्ष्यका साथ आफ्ना सङ्कल्प, प्रतिबद्धता र घोषणापत्र सार्वजनिक भइसकेको गठबन्धन दलहरूको भनाइ छ । यो गठबन्धन प्रत्यक्ष निर्वाचनतर्फ भएकाले समानुपातिकतर्फ सबै पार्टीले आ-आफ्ना पक्षमा मत माग्नु स्वाभाविक भएको उल्लेख गर्दै अपिलमा यसले गठबन्धनको भावनामा कुनै चोट नपुर्‍याउने तथा गठबन्धनको स्पष्ट बहुमतबाट नै भोलिको सरकार गठन हुने र यसले संविधानको भावनाअनुरुप राजनीतिक स्थायित्व दिने अपिलमा उल्लेख छ।

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल र राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीद्वारा हस्ताक्षरित अपिलमा यो निर्वाचनको परिणामले विघटनकारी र प्रतिगमनका पक्षधरहरूको गठबन्धनलाई उदाङ्गो पार्दै परास्त गर्नुपरेको जनाइएको छ।रासस

## प्रचण्डको मार्गचित्र

# बूढीगण्डकीदेखि सुख्खा बन्दरगाह निर्माणसम्म

गोरखा । गोरखा क्षेत्र नम्बर-२ मा प्रतिनिधिसभाका लागि सत्ता गठबन्धनका उम्मेदवार नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले मतदाता भेटघाटका क्रममा विकास र सम्वृद्धिका कैयौँ आश्वासन जनतालाई दिनुभएको छ । उम्मेदवारी दर्तापछि पटक-पटक गरेर सात दिनसम्म निर्वाचन क्षेत्रका मतदातासँग भेटघाट गर्नुभएका उहाँले धुलाम्मे सडकलाई कालोपत्र गर्ने मौखिक प्रतिबद्धतादेखि गोरखा सम्वृद्धिको मार्गचित्र नाम दिएर ५५ बुदेँ लिखित प्रतिबद्धता जनतासमक्ष पुर्‍याउनुभएको छ।

जिल्लाको मुहार फेर्न सकिने खालका प्रमुख रणनीतिक योजनालाई 'गेमचेन्जर' योजनाका रूपमा र अन्य नियमित योजनालाई महत्वपूर्ण योजनाका रूपमा समेटेर सार्वजनिक गरिएको प्रतिबद्धता पत्रमा बूढीगण्डकी आयोजना निर्माणदेखि उत्तरी गोरखाको नुब्री क्षेत्रमा सुख्खा बन्दरगाह निर्माण गर्नेसम्मका योजना परेका छन्।

प्रमुख रणनीतिक योजनामध्ये लामो समयदेखि बन्द भएको पालुङटार विमानस्थल पुनःसञ्चालन गर्ने तथा पालुङटारलाई स्मार्ट सिटीको रूपमा विकास गर्ने प्रतिबद्धता अध्यक्ष दाहालले व्यक्त गर्नुभएको हो।

त्यस्तै बहुउद्देसीय राष्ट्रिय गौरवको एक हजार दुई सय मेघावाट क्षमताको जलासययुक्त बूढीगण्डकी जलविद्युत् आयोजनालाई तत्काल कार्यान्वयन गर्ने, च्याङ्ली कृषि तथा वन विश्वविद्यालयअन्तर्गतको कृषि क्याम्पस सञ्चालन गर्ने तथा जिल्लाभित्रका सबै विद्यालय तथा क्याम्पसमा प्राविधिक शिक्षा विस्तार र शिक्षा क्षेत्रका समस्या समाधान गरी समग्र शैक्षिक विकासलाई अगाडि




बढाउने उल्लेख छ। रणनीतिक योजनामा (रुइला नाका) तिब्बतको सिमाना जोड्ने बेनीघाट-आरुघाट-लार्के सडकखण्ड पनि परेको छ । सो सडकखण्ड निर्माण पूरा गर्ने, जिल्लाभित्र रहेका ठूलाठूला खेतीयोग्य टारमा पम्पिङ, लिफ्टिङ तथा नहरको योजनामार्फत सिञ्चाइलाई व्यवस्थित गरी कृषि उत्पादन वृद्धि गर्ने र जिल्लालाई उत्पादनमा आत्मानिर्भर बनाउने प्रमुख रणनीतिक योजनामा परेको अध्यक्ष प्रचण्डका प्रचार संयोजक माओवादीका केन्द्रीय सदस्य हरिराज अधिकारीले जानकारी दिनुभयो।

त्यस्तै लिगलिगकोट, सिरानचोक गोरखा दरबार, मनकामना, बारपाकलगायत ऐतिहासिक, धार्मिक तथा पर्यटकीय गन्तव्यलाई समेटेर पर्यटन सर्किटको रूपमा विकास गर्ने । गोरखा र उत्तरी गोरखालाई हिमालय पर्यटनको रूपमा विकास गर्ने पनि उक्त रणनीतिक योजनामा उल्लेख गरिएको छ । सार्वजनिक गरिएका 'गेमचेन्जर' योजनामा चुमभ्याली र नुब्री भ्यालीलाई हिमाली सहरको रूपमा विकास गर्ने, रुइला नाका नियमित रूपमा सञ्चालन हुने सुनिश्चिततासहित नुब्री क्षेत्रमा अन्तरदेशीय सुख्खा बन्दरगाह स्थापना गरिने तथा गोरखकाली रबर उद्योगलाई नयाँ ढङ्गबाट व्यवस्थित गरी पुनःसञ्चालन गर्न ठोस् पहल गर्ने उल्लेख छ। अध्यक्ष प्रचण्डले प्रमुख रणनीतिक महत्वका १० योजना र अन्य महत्वपूर्ण ४५ योजनालाई आफ्नो प्रतिबद्धता पत्रमा समेट्नुभएको छ।

अन्य महत्वपूर्ण योजनामा पालुङटार, हर्मी, छोप्राक, गाँखु, श्रीनाथकोट, जौवारी, रातामाटा, मुच्चोक, सिम्जुङ, ध्याच्चोकलाई वैकल्पिक साहायक मार्गको रूपमा कालोपत्र गरिने, ध्याम्पेसाल-देउराली-ताकु- स्वाँरा-सौरपानी-बारपाक-ध्याचोक-सिरानडाँडा-ओलाङ हुँदै लमजुङ दूधपोखरी सडक निर्माण प्रक्रिया अघि बढाइने उल्लेख छ।

त्यस्तै गोरखा सदरमुकामबाट लमजुङ जोड्ने सबैभन्दा छोटो बाटो पन्थडी-कटहरे साइलीटार सडक कालेपत्र, ग्रामीण सडक निर्माण तथा स्तरोन्नति, बारपाक-बाह्रकिलो-लाप्राक हुँदै माछाखोलासम्मको सडक कालोपत्र, मध्यपहाडी लोकमार्गमा पर्ने गोरखाखण्ड कालोपत्रलगायत योजना पनि रणनीतिक योजनामा समेटिएको छ। पालुङटार नगरपालिकामा कृषि पर्यटन, जडीबुटीको सङ्कलन प्रशोधन केन्द्र स्थापना, बहुप्राविधिक शिक्षालय स्थापना, सामुदायिक विद्यालयमा खेलकुद, विद्यार्थीको सांस्कृतिक क्षमताको अभिवृद्धिका लागि घुम्ती शिक्षक नियुक्ति, कलेज तथा विद्यालयको भौतिक पूर्वाधारको विकास, सामुदायिक स्वयसेवी शिक्षकको व्यवस्था पनि उक्त योजनामा परेको छ।

अध्यक्ष दाहालको प्रतिबद्धतामा ज्येष्ठ नागरिक र अशक्तलाई सामुदायिक स्वास्थ्य इकाईमार्फत घरदैलोमै स्वास्थ्य सेवा प्रदान गर्ने, सिरानचोक गाउँपालिकामा आयुर्वेद अनुसन्धान, तालिम केन्द्र र अस्पताल स्थापना गर्ने, जिल्लाभित्रका अस्पतालको स्तरोन्नतिमा जोड दिँदै स्वास्थ्य सेवामा जनताको सहज पँहुच पुर्‍याउने, भ्रष्टाचार नियन्त्रण, सुशासन कायम गरी समग्र जनताको हित र सेवामा सर्मपित गराउन पहल गरिने, जनयुद्ध र जनआन्दोलनका शहीद परिवार, बेपत्ता परिवार तथा घाइते, अपाङ्गता भएकाको समस्या समाधान गरिने सबै द्वन्द्वपीडितलाई न्याय, सम्मान र परिपुरणका लागि सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोगका काम पूरा गर्न पहल गर्ने प्रतिबद्धता उहाँले गर्नुभएको छ।

अध्यक्ष दाहालले सार्वजनिक गर्नुभएको प्रतिबद्धता पत्रमा कृषि, पशुपालन, जडीबुटी, फलफूल खेती, अलैँची खेती, सुन्तला खेती, घरेलु हस्तकला, घरबास (होमस्टे), साना उद्योग तथा घरेलु उद्योग प्रवर्द्धन गर्दै स्थानीयस्तरमा युवालाई स्वरोजगारी बनाउने योजना छ।रासस

# गठबन्धन चुनावसम्म मात्र होइन : प्रधानमन्त्री देउवा

अछाम । प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले अहिलेको लोकतान्त्रिक-वाम गठबन्धन चुनावसम्मका लागि मात्र होइन भन्नुभएको छ।

लोकतान्त्रिक वाम गठबन्धनद्वारा विहीवार अछामको मङ्गलसेनमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले भन्नुभयो, "यो गठबन्धन निर्वाचनको अवधिसम्मका लागि मात्र होइन, मुलुकमा लामो समयसम्म यो गठबन्धन रहिरहने छ।"

प्रधानमन्त्री देउवाले लोकतन्त्र र संविधानको रक्षाका लागि लोकतान्त्रिक-वाम गठबन्धनको आवश्यकता भएको पनि बताउनुभयो । उहाँले मुलुकमा संविधान र लोकतन्त्रको रक्षाका लागि लोकतान्त्रिक गठबन्धनका उम्मेदवारहरूलाई मत दिएर विजयी गराउन पनि आग्रह गर्नुभयो।

लामो सङ्घर्षबाट ल्याइएको संविधानमाथि यसअघि नेकपाको सरकारका प्रधानमन्त्री केपी ओलीले पटक-पटक हमला गरी संसद् विघटन गरेकाले संविधान र लोकतन्त्रको रक्षा गर्नका लागि गठबन्धन बनेको पनि उहाँले स्पष्ट पार्नुभयो।

एक अर्को प्रसङ्गमा उहाँले अब बन्ने गठबन्धनको सरकारले हालसम्म पनि निर्माण हुन नसकेको अछाम, कैलाली र सुर्खेत जोड्ने चिसापानी जङ्गलघाट सडकखण्डलाई गौरवको योजनाका रूपमा राखेर सडकको कालोपत्र गर्ने बताउनुभयो भयो।

त्यस्तै उहाँले अछाम, कैलाली र डोटी जिल्लालाई जोड्ने सबैभन्दा छोटो दूरीको सडक सेती लोकमार्गको निर्माणकार्यलाई छिटो अगाडि बढाउने पनि बताउनुभयो।

प्रधानमन्त्री देउवाले बन्द अवस्थामा रहेको अछामको कैलाशखोला जलविद्युत् आयोजना यसअघि आफ्नै कार्यकालमा बनेको र त्यसपछिको सरकारले उक्त योजनालाई बेवास्ता गरेकाले विद्युत् बन्द हुन पुगेको भन्दै अब बन्ने सरकारले उक्त आयोजनालाई अगाडि बढाई अछामलाई उज्यालो बनाउने बताउनुभयो । प्रधानमन्त्री देउवाले आजै अछामको चौरपाटी गाउँपालिकाको आमसभालाई पनि सम्बोधन गर्नुभएको थियो।रासस

# गठबन्धनका दलबीच पाँच वर्ष सहकार्य गर्ने सहमति भएको छः गगन थापा

काठमाण्डु । आसन्न निर्वाचनमा काठमाडौँ निर्वाचन क्षेत्र नं ४ चासोका साथ हेरिएको क्षेत्र हो । नेपाली कांग्रेसका महामन्त्री गगन कुमार थापा र नेकपा (एमाले) पोलिटब्यूरो सदस्य राजन भट्टराई मुख्य प्रतिस्पर्धी हुनुहुन्छ। थापाले आफूलाई भावी प्रधानमन्त्रीका रूपमा समेत घोषणा गरेकाले यस क्षेत्रप्रति सबैको चासो बढेको छ। मङ्सिर ४ गते हुने निर्वाचनमा थापा र भट्टराई दुवै जनाले आफ्नो जित सुनिश्चित भएको भन्दै आ-आफ्नै अडानमा हुनुहुन्छ । यसअघि २०७४ सालको निर्वाचनमा तीन हजार चार सय १८ मतान्तरले भट्टराईलाई हराउनुभएका थापाले अहिले गठबन्धनका कारण आफ्नो जित सुनिश्चित भएको दाबी गर्नुहुन्छ।

विसं २०७४ को निर्वाचनमा भट्टराईलाई वाम गठबन्धन (एमाले र माओवादी केन्द्र)को साथ थियो । तर यसपटक थापालाई माओवादी केन्द्रसहित एमालेबाट फुटेको एकीकृत समाजवादीलगायतका दलको समर्थन छ।

बुधबार कपनमा मतदातासँग मत माग्दै गर्दा भेटिनुभएका सत्ता गठबन्धनका साझा उम्मेदवार थापाले आफ्नो जित सुनिश्चित भएको बताउनुभयो । यसअघिका निर्वाचनमा आफूप्रति मतदाताको उत्साह अझै पनि उत्तिकै कायम रहेको उहाँको भनाइ छ। "मतदाताले स्थानीय पूर्वाधार निर्माणका विषय ठाउँअनुसार उठाउनु स्वभाविक हो, तर बन्दै गरेको सहर हो", उहाँले भन्नुभयो, "केही समयअघि केही क्षेत्रमा देखिएको सडक र खोपानीको समस्या अहिले धेरै हदसम्म समाधान भइसकेको छ।"

थापाले यस क्षेत्रका मतदाताले आफूसँग स्थानीय आवश्यकताका साथै मुलुकको चिन्ता व्यक्त गरेको बताउनुभयो। "उहाँहरूसँग अन्तरक्रिया गर्दा अहिलेको निर्वाचनसँगै देशको स्थितिलाई जोडेर कुरा गर्नुहुन्छ", थापाले भन्नुभयो । आसन्न निर्वाचनमा विजयी भएपछि आफू कांग्रेसको संसदीय दलको नेतामा प्रतिस्पर्धा गर्ने उहाँको भनाइ छ।

आफ्नो योजना आफ्नो निर्वाचन क्षेत्रको विकाससँगै सरकारको नेतृत्व गर्न पाएँ भने के गर्ने भन्नेमा पनि रहेको उहाँले बताउनुभयो । "संसदीय दलको नेता छान्दै गर्दा दलको घोषणापत्र लिएर चुनाव लड्नु परोस भन्ने हो", उहाँले भन्नुभयो, "त्यसैले संसदीय दलको नेता लड्दै गर्दा मैले पाँच वर्षमा के कस्ता काम गर्ने हो घोषणापत्र नै लिएर जान्छु ।" उम्मेदवार थापाले सत्ता गठबन्धनको निर्वाचन प्रणालीको कारणले गर्दा निर्वाचनपछि पनि गठबन्धनका दलसँग मिलेर जानुको विकल्प नभएको बताउनुभएको छ।

सत्ता गठबन्धनको सरकार बनेमा क्षमतालाई मूल्याङ्कन गर्नुर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, "क्षमता मूल्याङकन गर्न सकेनौँ भने २०४८ मा एकल बहुमत प्राप्त गर्दा पनि सरकार चलाउन नसक्ने अवस्था आउनसक्छ ।" गत निर्वाचनमा पनि नेकपा एमालेसँग पनि बहुमत भएर पनि सरकार चलाउन नसकेको उहाँको भनाइ छ।

***"ठूलो दलका रूपमा नेपाली कांग्रेसले सरकारको नेतृत्व गर्छ, तर पार्टीभित्रै पनि आफ्नै विधि, विधान, परम्परा छ। हामीले पहिला आफ्नो दलको नेता छान्नुपर्छ।"***

थापाले सत्ता गठबन्धनको जितपछि नेपाली कांग्रेसले सरकारको नेतृत्व गर्ने दाबी गर्नुभयो । "ठूलो दलका रूपमा नेपाली कांग्रेसले सरकारको नेतृत्व गर्छ, तर पार्टीभित्रै पनि आफ्नै विधि, विधान, परम्परा छ। हामीले पहिला आफ्नो दलको नेता छान्नुपर्छ।"रासस

# निर्वाचनपछि पनि नेतृत्व कांग्रेसले गर्छः पूर्व उपप्रधानमन्त्री सिंह

काठमाण्डु । काठमाण्डु क्षेत्र नं १ मा लोकतान्त्रिक-वाम गठबन्धनको तर्फबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार एवं नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक समावेशी संविधान कार्यान्वयनका लागि राजनीतिक स्थायित्व र सुशासन नै अहिले मुख्य एजेण्डा भएको बताउनुभएको छ।



आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनका सन्दर्भमा राससससगँ कुरा गर्दै उहाँले तीन तहका सरकारले आफ्नो हिसाबले जनतामा सेवा प्रवाह गर्न नसकेका कारण सङ्घीयता लागू भए पनि केन्द्रीकृत एकात्मक व्यवस्था र सङ्घीयताबीचको भिन्नताबारे मतदाताले प्रश्न गरिरहेको उल्लेख गर्नुभयो।

पूर्वउपप्रधानमन्त्री सिंहले भन्नुभयो, "सङ्घीयतामा तीन तहको सरकार सक्रिय हुनुपर्नेमा अहिलेसम्म त्यो भएको छैन । त्यो नभएकै कारण मात्र एकात्मक व्यवस्था र सङ्घीयताको फरक के हो भन्नबारे सर्वसाधारणबाट प्रश्न भएको छ, त्यसलाई अधिकारका साथ काम गरेर देखाउन चाहन्छौँ।"

उहाँले कांग्रेसले जनतालाई जसरी अधिकार दिलाउन तथा संविधान लेख्न र शान्ति प्रक्रियामा नेतृत्व गर्‍यो अब त्यसलाई कार्यान्वयन गरेर आर्थिक क्रान्ति गरी समुन्नति र सम्पनता हासिल गर्ने अभियानमा पनि पार्टीले नेतृत्व गर्ने दृढता व्यक्त गर्नुभयो।

मुलुकका सबै तह र तप्कालाई मिलाएर लग्ने खालको आर्थिक एजेण्डाको नेतृत्व गर्न कांग्रेस अगाडि बढेको बताउँदै पार्टीका पूर्वमहामन्त्री सिंहले 'केन्द्रमा प्रभाव क्षेत्रमा विकास' भनेर आफ्नो चुनावी प्रतिबद्धतापत्रमै स्पष्ट भनेको बताउनुभयो।

निर्वाचनपछि नेपाली कांग्रेस नै सबैभन्दा ठूलो दलको रूपमा स्थापित हुने दाबी गर्दै उहाँले सामान्यतया ठूलो पार्टी जो छ त्यसले नै नेतृत्व गर्छ भन्नुभयो। जनता र राष्ट्रहितलाई ध्यान दिँदै अन्तर्राष्ट्रिय कूटनीतिक सम्बन्ध राम्रो बनाएर सबै मित्रराष्ट्रको सहयोग र समर्थन प्राप्त गरेर जनतालाई आवश्यकतानुसारको सेवा र सुविधासहित देशलाई समृद्धिको बाटोमा अगाडि बढाउन पार्टी दृढ रहेको उम्मेदवार सिंहले बताउनुभयो।

निर्वाचन घरदैलोका क्रममा मतदाताले खानेपानी र राजनीतिक स्थिरताका बारेमा जिज्ञासा राखेको बताउँदै पूर्वउपप्रधानमन्त्री सिंहले परियोजना पुनःस्थापित गर्ने काम भइराखेकाले अब छिट्टै नै पानी निरन्तररूपमा आउने विश्वास दिलाउनुभयो।रासस

# 'प्रदेश राजधानी बुटवलमै ल्याउँछौँ'

रुपन्देही। गृहमन्त्री एवं नेपाली कांग्रेसका नेता बालकृष्ण खाण र पूर्वमन्त्री एवं नेकपा (एमाले)का नेता विष्णुप्रसाद पौडेलले लुम्बिनी प्रदेशको राजधानी बुटवलमै ल्याउने प्रतिबद्धता आफ्ना मतदातासमक्ष गरिरहनुभएको छ।

रुपन्देहीमा लगभग चुनावी मुद्दाजस्तै बनेको प्रदेश राजधानीको विषयमा जिल्लाबाट प्रतिनिधिसभामा उम्मेदवार रहनुभएका उहाँहरूको स्पष्ट धारणा छ- "हामीले जिल्लाका सबै नागरिकका आवाज र धरणा बुझेका छौँ, हिजो के भयो र किन भयो भन्ने विषयतिर अहिले जान चाहँदैनौँ, तर प्रदेशको राजधानी बुटवलमा फिर्ता गर्छौँ ।" लुम्बिनी प्रदेशसभाले प्रदेशको राजधानी दाङको देउखुरी लाने निर्णय गरेको थियो। तर देउखुरीमा प्रदेश राजधानीका लागि आवश्यक पूर्वाधार नभएको र प्रदेशको पायक पनि नपर्ने भन्दै बुटवलका नागरिकले यसको विरोध गर्दै आएका छन्।

यतिखेर प्रदेश राजधानीको विषय रुपन्देहीका नागरिकको चुनावी एजेण्डाजस्तै बनेको छ। जिल्लावासीका तर्क छन्, "प्रदेशको राजधानी लुम्बिनीबाट अन्यत्रै सारियो, जबकि भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनी विश्वका कम्तीमा पनि एकतिहाइ मानिसको आस्थाको केन्द्र हो, आर्थिक र औद्योगिक क्रियाकलाप प्रदेशका अन्य भू-भागका तुलनामा यहीँ बढी छ, यहाँ अन्तर्राष्ट्रिय विमानस्थलसमेत छ, अनि प्रदेशको राजधानी बुटवल नभएर अन्त कहाँ हुन्छ ?"

स्थानीयका यी तर्कसँग जिल्लाबाट प्रतिनिधिसभामा प्रतिनिधिसभाका उम्मेदवार खाण र पौडेल पूर्ण सहमत हुनुहुन्छ। उहाँहरू दुवैले जनताका यी तर्कसँग सहमति जनाउँदै जनताका जिज्ञासा मेटाउँदै भन्ने गर्नुभएको छ, "लुम्बिनी प्रदेशको राजधानी बुटवलबाहेक अन्यत्र हुँदैन, हामी बुटवलमै ल्याउने प्रयत्नमा छौँ।"

गृहमन्त्री खाण भन्नुहुन्छ, "तत्कालीन सरकारले प्रधानमन्त्री शेरबहादुर देउवाको पहलमा सबै प्रदेशका अस्थायी राजधानी तोक्ने काम गर्‍यो। अरु प्रदेशमा तिनै राजधानी कायम भए, तर यहाँ किन हुन सकेन ? हुन त यो प्रदेशसभाको अधिकार हो नै, तर पनि त्यस समयमा बुटवलको पूर्वाधार र महत्वमाथि किन विवेक पुर्‍याउन सकिएन ? प्रदेश राजधानी राख्नका लागि बुटवलमा के कुराको कमी छ र यहाँबाट सारेर अन्यत्र लगियो ?"

कोरोना महामारीमा मुलुक ठप्प भएका बेला हचुवाका भरमा यसअघि नै तोकिएको प्रदेश राजधानी यहाँबाट सार्ने काम भएको गृहमन्त्री खाणको भनाइ छ। रुपन्देहीको क्षेत्र नं ३ बाट प्रतिनिधिसभाका लागि उम्मेदवार गृहमन्त्री खाणसँग यहाँका नागरिकले प्रदेश राजधानीका साथै कृषि मल, बीउको उपलब्धता, सुकुम्बासी समस्याको समाधान, श्रमिकका समस्या समाधान, कोरोनाकालमा भएको आर्थिक क्षतिको पूर्ति, पर्यटनका लागि लुम्बिनी क्षेत्रको विशेष विकासजस्ता माग राखेका छन् र उहाँले आफू नागरिकका सबै समस्यासँग परिचित रहेकाले आगामी दिनमा ती सबै समस्या समाधानमा पहल गर्ने प्रण आफ्ना मतदातासँग गर्नुहुन्छ। रासस

# राष्ट्रिय हित, स्वाधिनता रक्षा गर्न भोट माग्दैछु : अध्यक्ष ओली

काठमाण्डु । नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले राष्ट्रिय हित, स्वाधिनता, स्वाभिमानको रक्षा र पाँचवर्ष टिक्ने स्थिर सरकारका लागि भोट माग्नुभएको छ।

"म तपाई र तपाईंको सन्तानको सुखका लागि राष्ट्रिय हित, स्वाधिनता, स्वाभिमानको रक्षा र पाँचवर्ष टिक्ने स्थिर सरकारका लागि भोट माग्दैछु", निर्वाचनको पूर्वसन्ध्यामा मतदाताको नाममा एक भिडियो सन्देश जारी गर्दै अध्यक्ष ओलीले भन्नुभयो, "यो त्यतिखेर मात्र सम्भव हुनेछ, जब तपाईंले सूर्य चिन्हमा मतदान गर्नुहुनेछ, त्यसैले सूर्य चिन्हमा मतदान गरौँ", प्रमुख प्रतिपक्षी दल नेता अध्यक्ष ओलीले आफ्नो र आफ्नो सन्तानका लागि मत हाल्न आग्रह



गर्नुभएको छ।

अध्यक्ष ओलीको सन्देशमा भनिएको छ, "प्रिय मतदाता ! अब स्पष्ट निर्णय लिने समय आएको छ, किनकि मङ्सिर ४ गते तपाईंले हाल्ने भोटले अबको पाँच वर्ष कसको हातमा देश सुम्पने भन्ने कुराको निर्क्यौल गर्नेछ। शेरबहादुर देउवाको हातमा कि ? म केपी शर्मा ओलीको हातमा, त्यसैले भोट हाल्नुअघि दुई भविष्यलाई सम्झनुहोला, पहिलो तपाईंको आफ्नै भविष्य र दोस्रो तपाईंका आफ्ना छोराछोरीको भविष्यका भोट हाल्नुस", भिडियो सन्देशमा भनिएको छ।

अध्यक्ष ओलीले आफू मृत्युको मुखमा पुगेर फर्किएको व्यक्ति भएको मतदातामार्फत् सन्देशमा भन्नुभएको छ । "प्रिय मतदाता ! म झुटो बोल्दिन सत्य छोड्दिन, तपाईंलाई थाहा छ म पटक-पटक मृत्युको मुखमा पुगेर व्यक्ति हुँ, अहिले देश केही व्यक्ति र समूहको निजी स्वार्थ जोडिएर बनेको गठबन्धनले चलाइरहेको छ", सन्देशमा भनिएको छ, "जसको कुनै राष्ट्रिय उद्देश्य छैन यही गठबन्धन रहिरहेमुलुक बर्बाद हुन्छ, तपाईं र तपाईंका छोराछोरीको भविष्यसमेत बर्बाद हुन्छ, त्यसैले आज म यस सन्देशमार्फत् तपाईंसँग भोट माग्दैछु।"रासस

# म्यान्मारले करिब छ हजार कैदीलाई रिहा गर्ने



एएफपी

याङ्गुन। म्यान्मारको सेनाले बेलायतका पूर्व राजदूत, एक जापानी पत्रकार र एक अष्ट्रेलियाली आर्थिक सल्लाहकारसहित करिब छ हजार कैदीलाई रिहा गर्ने बिहीबार जनाएको छ। सेनापति बफादार (जुन्ता) सरकारको निर्णय अनुसार राष्ट्रिय दिवसका अवसरमा रिहाई गरिएका स्वदेशी तथा विदेशी नागरिकलाई तीन वटा बसमा राखि जेलबाट बाहिर पठाइएको एएफपीका म्यानमार सम्वाददाताले बताए।

गत वर्ष सेनाले गरेको 'कू' र असहमतिमाथिको रक्तपातपूर्ण दमनका कारण दक्षिणपूर्वी एशियाली राष्ट्र म्यानमार अशान्त बनेको छ र यस अवधिमा हजारौँलाई जेल सजाय सुनाइएको छ। बेलायतका पूर्वराजदूत विक्की बोमन, अष्ट्रेलियाका आर्थिक सल्लाहकार सिन टर्नेल र जापानी पत्रकार तोरु कुबोतालाई राष्ट्रिय दिवसका अवसरमा रिहा गरिने एक वरिष्ठ अधिकारीले एएफपीलाई बताएका छन्।

जुन्ता प्रशासनले तीनै जनालाई सुपुर्दगी गरिने बताएको छ तर यसका लागि मिति भने नतोकिएको बताएको छ। याङ्गुनको इन्सेन जेलबाहिर प्रियजनहरू रिहा हुने आशामा करिब २०० जना मानिस भेला भएका एएफपीका सम्वाददाताले बताएका छन्।

प्रतिशोधको डरले आफ्नो नाम बताउन नचाहेकी एउटी महिलाले सेनाविरुद्ध असहमति जनाउन उक्साएको आरोपमा तीन वर्षको जेल सजाय भोगिरहेका आफ्ना पतिलाई पर्खिरहेको बताइन्। "यसअघि उनी युएसडीपी (सैन्य समर्थित राजनीतिक दल) समर्थक थिए। 'कू' पछि उनी प्रदर्शनमा सामेल भएका थिए। मलाई उनीप्रति गर्व छ,' उनले भनिन्।

जुन्ताका अधिकारीले करिब ७०० महिलाको पहिलेको आँकडालाई पुनरावलोकन गर्दै लगभग ६०० महिलासहित कूल पाँच हजार ७७४ कैदीहरूलाई रिहा गरिने पुष्टि गरेका छन्। जुन्ताले आममाफीको घोषणा गर्ने आफ्नो वक्तव्यमा असहमतिमाथि सेनाको दमनका क्रममा क्षमादान गरिएकामध्ये कति जना पक्राउ परेका थिए भन्ने विषयमा केही बताएको छैन।

सन् २००२ देखि २००६ सम्म राजदूतको रूपमा काम गरेकी बोमनलाई आफ्नो विदेशी दर्ता प्रमाणपत्रमा उल्लेख गरिएको ठेगानाभन्दा फरक ठेगानामा बसिरहेको तर जानकारी नगराएको भन्दै अगस्टमा उनका पतिसहित हिरासतमा लिइएको थियो। उनीहरूलाई पछि एक वर्षको जेल सजाय सुनाइएको थियो। उनका पति म्यान्मारका चर्चित कलाकार हटेन लिनलाई पनि रिहा गरिने सैनिक अधिकारीले बताएका छन्।

बेलायती कुटनीतिक स्रोतका अनुसार बोमनलाई अहिलेसम्म रिहा गरिएको छैन तर उनलाई रिहा गर्ने अपेक्षा गरिएको छ। जुन्ताको बयानमा उनका पतिलाई देश निकाला गर्ने सूचीमा समावेश गरिएको छैन। म्यानमार र उसको पूर्व औपनिवेशिक शासक बेलायतबीचको सम्बन्धमा सेनाको कब्जापछि तिक्तता आएको छ र यस वर्ष जुन्ताले बेलायतले त्यहाँ आफ्नो मिसनलाई 'अस्वीकार्य' भन्दै आलोचना गरेको छ। सन् २०२१ को फेब्रुअरीमा भएको 'कू' पछि पक्राउ परेका टर्नेल म्यानमारकी नागरिक नेतृ आङ सान सुकीका सल्लाहकारका रुपमा कार्यरत थिए। उनी र सुकीलाई गत सेप्टेम्बरमा जुन्ताको अदालतले आधिकारिक गोपनीयता ऐन उल्लङ्घन गरेको अभियोगमा दोषी ठहर गर्दै तीन-तीन वर्षको जेल सजाय सुनाएको थियो।

अस्ट्रेलियाकी विदेशमन्त्री पेनी वोङले ट्वीटरमा लेखेकी छन्, "हामी प्रोफेसर सिन टर्नेलसँग सम्बन्धित रिपोर्टको स्वागत गर्दछौं। प्रोफेसर टर्नेल हाम्रो पहिलो प्राथमिकता हो। त्यसैले, हामी यस चरणमा थप टिप्पणी गर्नेछैनौं।' २६ वर्षीय कुबोतालाई गत जुलाईमा याङ्गुनमा सरकारविरोधी र्‍यालीबाट म्यान्मारका दुई नागरिकसहित पक्राउ गरी १० वर्षको जेल सजाय सुनाइएको थियो।

म्यान्मारस्थित जापानी दूतावासका एक स्रोतले एएफपीलाई बताएअनुसार कुबोतालाई जुन्ता अधिकारीहरूले आज (बिहीबार) रिहा गर्ने जानकारी गराएको छ। कुबोता 'आज नै' जापान प्रस्थान गर्ने बताइएको छ। अमेरिकी नागरिक नाथन माउङ र इयानी फेन्स्टर, पोल्याण्डका रोबर्ट बोसियागा र जापानका युकी किताजुमीपछि म्यानमारमा पक्राउ पर्ने कुबोता पाँचौं विदेशी पत्रकार हुन्। युनेस्कोका अनुसार विद्रोहपछि कम्तीमा १७० जना पत्रकारलाई पक्राउ गरिएको छ भने करिब ७० जना अझै हिरासतमा छन्। उहाँप्रति निकै गर्व छ

सान सान आइले आफू आफ्ना भाइबहिनीको रिहाईको पर्खाइमा रहेको बताइन्। उनले एएफपीसँग भनिन्,तीमध्ये तीन जनालाई आठ महिनाअघि तीन-तीन वर्ष जेल सजाय सुनाइएको थियो।"उनीहरूका छोराछोरी घरमा पर्खिरहेका छन्। यदि उनीहरू रिहा भए भने हामी धेरै खुसी हुनेछौं।' स्वतन्त्र विश्लेषक डेभिड म्याथिसनले एएफपीसँग भने, "प्रोफेसर टर्नेलको रिहाई शासनद्वारा बन्धक बनाइएपछिको उल्लेखनीय समाचार हो र उनका परिवार र साथीहरू खुसी हुनेछन्।

यद्यपि, उनले जुन्ताले सुधारको कुनै सङ्केत नदेखाएको र आममाफीले उनीहरूलाई 'कू' पछि भएका अत्याचारबाट मुक्त गर्न नसक्ने बताएका छन्। एम्नेस्टीको क्षेत्रीय कार्यालयका प्रवक्ताले भने,"म्यान्मारमा भएको 'कू' पछि जेलमा रहेका हजारौं मानिसले केही पनि गलत गरेका छैनन्। सुकीको अपदस्थ सरकारका तीन जना पूर्वमन्त्री र हिरासतमा रहेका अमेरिकी मुलका म्यान्मारका नागरिक क्याउ हटे ओलाई पनि रिहा गरिने जुन्ताका अधिकारीले बताएका छन्। म्यान्मारको एक निगरानी समूहका अनुसार सुकीको सरकारलाई सत्ताच्युत गरेपछि असहमतिमाथि सेनाले गरेको दमनपछि दुई हजार ३०० भन्दा बढी सर्वसाधारणको मृत्यु भइसकेको छ। जुन्ताले करिब तीन हजार ९०० सर्वसाधारणको मृत्युका लागि 'कू' विरोधी लडाकुलाई जिम्मेवार ठहऱ्याएको छ।

# चिनियाँ राष्ट्रपति थाइल्याण्ड भ्रमणमा

सिन्ह्वा

ब्याङकक। चीनका राष्ट्रपति सी चिनफिङ चिनियाँ राष्ट्राध्यक्षको रूपमा पहिलोपटक थाइल्याण्ड भ्रमणमा आउनुभएको छ। पर्सी शनिबारसम्म यहाँ हुने एशिया-प्रशान्त आर्थिक सहयोग (एपेक) बैठकमा भागलिने सिलसिलामा उहाँ थाइल्याण्ड भ्रमणमा आउनुभएको हो।

थाइल्याण्डका प्रधानमन्त्री प्रयुत चान-ओ-चाको निमन्त्रणामा यहाँ आउनुभएका राष्ट्रपति सीको यो भ्रमण चीन-थाइल्याण्ड सम्बन्धलाई थप सुमधुर र सुदृढ तुल्याउन फलदायी हुने थाइल्याण्डका लागि चीनका राजदूत हान झिड्याडले बताएका छन्।

चिनियाँ र थाइल्याण्डका सञ्चारमाध्यमका प्रतिनिधिलाई संयुक्तरूपमा दिएको अन्तर्वार्तामा चिनियाँ राजदूतले राष्ट्रपति सीको भ्रमणबाट द्विपक्षीय सम्बन्धलाई मार्गनिर्देश गर्न तथा त्यसलाई अझ प्रभावकारी ढङ्गले अगाडि बढाउन महत्वपूर्ण योगदान पुग्ने बताए।

नयाँ ऐतिहासिक परिस्थितिमा भएको भ्रमणले चीन-थाइल्याण्ड सम्बन्धलाई अभूतपूर्वरूपमा विकास अवसर प्रदान गरेको उनले बताए। पारस्परिक सम्बन्धको दीर्घकालीन विकासका निम्ति मार्गचित्र तयार गर्न भ्रमण हुने विश्वास उनले व्यक्त गरे। दुई देशका जनताबीच मैत्रीपूर्ण आदानप्रदानको लामो इतिहास रहेको उल्ले गर्दै उनले कोभिड-१९ महामारीको प्रकोप शुरूभएदेखि दुवै देशले त्यसविरुद्ध सहकार्य गरेका तथा आर्थिक पुनरुत्थानका लागि पनि मिलेर काम गरिरहेका बताए।

चीन र थाइल्याण्ड सुखदुःख साथी हुन् भन्दै चिनियाँ राजदूतले दुवै देशले तिनलाई साझा गर्दै आएका जनाए। यो वर्ष चीन-थाइल्याण्ड कूटनीतिक सम्बन्ध स्थापना भएको ४७औं वार्षिकोत्सव तथा चीन-थाइल्याण्ड व्यापक रणनीतिक सहयोग साझेदारी थालिएको १० औं वार्षिकोत्सव हो।

# बङ्गलादेशले सन् २०३० सम्ममा कपासको उत्पादन पाँच गुणा बढाउने

सिन्ह्वा

ढाका। बङ्गलादेशले सन् २०३० सम्ममा कपासको उत्पादन पाँच गुणा बढाउने जनाएको छ।

कपास उत्पादनका लागि धनी मानिने एसियाली मुलुक बङ्गलादेशले नयाँ प्रजातिको कपास उत्पादन गर्ने र खेतीको क्षेत्र विस्तार गर्ने लक्ष्य राखेको हो।

कपास विकास बोर्डका अतिरिक्त निर्देशक मोहम्मद फखे आलम इब्ने ताबिबले भन्नुभयो,"कपास एक प्रमुख नगदे बाली हुन सक्छ किनभने कपडा उद्योगमा यसको बढ्दो माग पूरा गर्न हामीले यसको आयातका लागि हरेक वर्ष तीन अर्ब अमेरिकी डलर खर्च गर्नुपर्ने हुन्छ। आधिकारिक तथ्याङ्कअनुसार बङ्गलादेशमा अहिले वार्षिक चार अर्ब ८ करोड पाउण्डको मागको तुलनामा वार्षिक नौ करोड ६० लाख पाउण्ड उत्पादन हुन्छ। उच्च मागको पृष्ठभूमिमा, बङ्गलादेशी टेक्सटाइल र स्पिनिङ मिलहरू र अन्य प्रयोगकर्ताहरूले भारत, संयुक्त राज्य अमेरिका, धेरै अफ्रिकी र पश्चिम एसियाली राष्ट्रहरू, अस्ट्रेलिया, ब्राजिल र पाकिस्तानबाट कपास आयात गर्छन्।

ताबिबका अनुसार उर्वर बाँझो जमिनको दूलो क्षेत्र प्रयोग गरी उच्च उत्पादन दिने नयाँ प्रजाती र हाइब्रिड जातका कपास उत्पादन गरी देशको दक्षिणपूर्वी पहाडी क्षेत्र र केही समतल जिल्लाहरू कपास उत्पादनलाई ४८ करोड पाउण्ड पुऱ्याउने लक्ष्य राखिएको छ।

# अमेरिकी अदालतद्वारा प्रविधि चोरी गरेको अभियोगमा चिनियाँ गुप्तचर अधिकारीलाई २० वर्ष जेलको सजाय

एएफपी

वासिङ्टन। अमेरिकी अदालतले अमेरिकी र फ्रान्सेली एयरोस्पेस फर्मबाट प्रविधि चोरी गरेको अभियोगमा एक चिनियाँ गुप्तचर अधिकारीलाई बुधबार २० वर्षको जेल सजाय सुनाएको छ।

विश्वको अग्रणी विमान इन्जिन निर्मातामध्येको एक 'जीई एभिएसन' र इन्जिन विकासमा जीईसँग काम गरिरहेको फ्रान्सको सफ्रान समूहबाट व्यावसायिक गोपनीयता चोरी गर्न चिनियाँ राज्य समर्थित पाँच वर्षीय योजनामा प्रमुख भूमिका खेलेको आरोप अभियुक्त जु यान्जुनमाथि लगाइएको थियो।

सन् २०१८ को अक्टोबरमा ओहायोकोसिनसिनाटीस्थितसंघीय अदालतमा जीई एभिएसनमा मुद्दा दायर गरिएका दुई गुप्तचर अधिकारीसहित ११ जना चिनियाँ नागरिकमध्ये उनी एक थिए।

चीनको विदेश मन्त्रालयले बिहीबार शुमाथि लगाइएको आरोपलाई 'विशुद्ध बनावटी' भनेको छ।

चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ निङले नियमित पत्रकार सम्मेलनमा भन्नुभयो, "हामी अमेरिकालाई कानुनअनुसार निष्पक्ष रूपमा मुद्दा चलाउन र चिनियाँ नागरिकको वैध अधिकार र हितको रक्षा गर्न आग्रह गर्दछौं।

चीनको राज्य सुरक्षा मन्त्रालयका गुप्तचर अधिकारीलाई अप्रिल २०१८ मा बेल्जियममा पक्राउ गरिएको थियो। उनलाई संयुक्त राज्य अमेरिकामा सुपुर्दगी गरिएको थियो। उनलाई नोभेम्बर ५, २०२१ मा आर्थिक जासूसीको प्रयास, व्यापार गुप्त चोरीको प्रयास र दुई सम्बन्धित षडयन्त्रको अभियोगमा दोषी ठहर गरिएको थियो।

न्याय मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ,"जुले अमेरिकी उड्डयन कम्पनीहरूलाई निशाना बनाएका थिए, चीन भ्रमणका लागि कर्मचारी भर्ती गरेका थिए र चीनको सरकारका तर्फबाट उनीहरूको स्वामित्वको जानकारी मागेका थिए।

ओहायोका संघीय अभियोजक केनेथ पार्करले भने, "यो घटनाले स्पष्ट सन्देश दिएको छ: हामी अमेरिकी व्यापार गोपनीयता चोर्न खोज्ने जो कोहीलाई पनि जवाफदेही बनाउनेछौं।

# कार र ग्यासका कारण अक्टूबरमा अमेरिकी खुद्रा बिक्रीमा वृद्धि



एएफपी

वासिङ्टन। अक्टोबरमा अमेरिकी खुद्रा बिक्रीमा अपेक्षा गरिएभन्दा वृद्धि देखिएको छ। यसँको उच्च मूल्य र कार बिक्रीका कारण बढेको मूल्यको दबाबको प्रभावपछि खर्चमा लचिलोपन देखिएको सरकारी तथ्याङ्कले देखाएको छ।

अमेरिकी उपभोक्ताहरूले किराना सामानदेखि लुगाफाटासम्मका सबै चीजहरू महङ्गो बनाएको कारण बढ्दो लागतलाई समायोजन गर्दा एक महिना अघि बिक्रीमा गिरावट आएको भएपनि अक्टोबरमा यसमा वृद्धि भएको छ।

दशकौंपछिको उच्च मुद्रास्फीतिको स्तरको सामना गर्दै, अमेरिकी फेडरल रिजर्भले यस वर्ष आफ्नो मानक ऋण दरलाई पटकपटक बढाएको छ। विश्वको सबैभन्दा ठूलो अर्थव्यवस्थालाई मन्दीमा धकेल्ने जोखिमको बावजुद पनि यसमा लगातार चार उच्चस्तरका वृद्धिहरू समावेश छन्।

तर अक्टोबरमा खुद्रा बिक्री सेप्टेम्बरको तुलनामा १.३ प्रतिशतले बढेर ६९४.५ अर्ब डलर पुगेको वाणिज्य मन्त्रालयले जनाएको छ। कार बिक्रीमा १.५ प्रतिशतले वृद्धि भएको र इन्धनको मूल्य बढेसँगै पेट्रोल पम्पमा बिक्रीमा ४.१ प्रतिशतले वृद्धि भएको छ।

यस वर्ष युक्रेनमा रूसले गरेको आक्रमणपछि ग्यास पम्पहरूले उच्च मूल्यमा ग्यास बेचेका छन् भने हालका हप्ताहरूमा यो रेकर्ड क्रमशः कम भएको छ।

रेस्टुरेन्ट र बारको बिक्री पनि अक्टोबरमा लचिलो रह्यो, जुन अघिल्लो महिनाको तुलनामा १.६ प्रतिशतले बढेको छ। तथ्याङ्क मौसमी रूपमा समायोजित गरिएको छ तर मूल्यमा परिवर्तनलाई ध्यानमा राख्दैन, त्यसैले लागत बढ्दै जाँदा, किनमेलले डलरको भाउ विस्तार गर्दैन र अमेरिकी परिवार हरूले मुख्य सामानहरूमा आफ्नो कमाईको अधिक प्रयोग गर्नुपरेको छ।

समग्रमा खुद्रा बिक्री गत वर्षको सोही अवधिको तुलनामा ८.३ प्रतिशतले बढी हो।

विशाल ई-कमर्स कम्पनी अमेजनसहित प्रविधि उद्योगमा समस्याको संकेतको बावजुद, अनलाइन खुद्रा विक्रेताहरूको बिक्री गत महिना १.२ प्रतिशतले बढेको छ।

प्यान्थियन म्याक्रोइकोनोमिक्सका इयान सेफर्डसनले रिपोर्टअघि हालैको विश्लेषणमा भन्नुभएको छ, "बढ्दो मूल्यका अलावा, वास्तविक आयमा उल्लेखनीय दबाबको बावजुद नागरिकले महामारीको समयमा जम्मा भएको बचतलाई उपभोग कायम राख्नका लागि कम गर्न चाहेका देखिन्छ।'

सेप्टेम्बरमा कोभिड-१९ को अवधिमा थप व्यक्तिगत बचत १.३ ट्रिलियन अमेरिकी डलर रहेकोले यो प्रक्रिया अझै केही समयका लागि जारी रहने उहाँको अनुमान छ।उहाँले भन्नुभयो,"तर, मानिसहरू बचतलाई अझ कम गर्न इच्छुक छन् कि छैनन् भन्ने कुरा स्पष्ट छैन।'

# सिंगापुरसँगको स्वतन्त्र व्यापार सम्झौता तत्काल कार्यान्वयन गर्न आह्वान

सिन्ह्वा

कोलम्बो। श्रीलङ्काका राष्ट्रपति रनिल विक्रमासिङ्हेले निर्यात बढाउन श्रीलङ्का-सिङ्गापुर स्वतन्त्र व्यापार सम्झौता (एफटीए) तत्काल कार्यान्वयन गर्न अधिकारीहरूलाई निर्देशन दिनुभएको स्थानीय सञ्चारमाध्यमले बिहीबार जनाएको छ।

यो कदम सिंगापुरका गैरआवासीय उच्चायुक्त चन्द्र दासको श्रीलङ्काको औपचारिक भ्रमणको बीचमा आएको हो।

दासले श्रीलङ्काका विदेशमन्त्री अली साब्रीलाई भेटेर दुई देशबीचको द्विपक्षीय सहयोग अभिवृद्धि गर्ने विषयमा विस्तृत छलफल गर्नु भएको थियो।

सन् २०१८ मा श्रीलङ्का-सिङ्गापुर स्वतन्त्र व्यापार सम्झौतामा हस्ताक्षर भएको थियो तर अझै सो सम्झौता पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन।

एफटीएले वस्तु, सेवा, लगानी, बौद्धिक सम्पत्ति, दूरसञ्चार, ई-वाणिज्य, व्यापार सहजीकरण, सरकारी खरिद, प्रतिस्पर्धा र आर्थिक तथा प्राविधिक सहयोगलाई समेट्छ।

# 'आक्रामक' प्रतिक्रियाको चेतावनीपछि उत्तर कोरियाद्वारा छोटो दूरीको क्षेप्यास्त्र प्रहार

सिन्ह्वा

सियोल। उत्तर कोरियाले बिहीबार छोटो दूरीको ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको दक्षिण कोरियाली सैनिक स्रोतले जनाएको छ। वासिङ्टनले क्षेत्रीय सुरक्षा सहयोग लाई बढावा दिन र आणविक शक्ति सम्पन्न उत्तर कोरियाको बढ्दो उक्साहटको जवाफमा संयुक्त सैन्य अभ्यासलाई बढावा दिन खोजिरहेको छ। उत्तर कोरियाले यस्ता सबै कदमहरूलाई अमेरिकी आक्रामकताको प्रमाणको रूपमा हेर्छ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले यसै साताको सुरुमा चिनियाँ समकक्षी सी जिनपिङसँग उत्तर कोरियाले हालै गरेको क्षेप्यास्त्र परीक्षणबारे छलफल गर्नुका साथै टोकियो र सियोलका नेताहरूसँग पनि कुराकानी गर्नुभएको थियो।

उत्तर कोरियाका विदेशमन्त्री चोइ सोन हुईले बिहीबार सरकारी समाचार संस्था केसीएनएमार्फ सार्वजनिक विज्ञप्तिमा वासिङ्टनले आफ्नो 'विस्तारित प्रतिरोध' बढाउने र क्षेत्रीय सुरक्षा सहयोगीहरूसँग संयुक्त अभ्यास गर्ने कदम 'मूर्खतापूर्ण कार्य' भएको बताएका छन्।

चोइले उत्तर कोरियालाई आफ्नो आधिकारिक नाम डेमोक्रेटिक पिपुल्स रिपब्लिक अफ कोरिया भएको बताउँदै भन्नुभयो, "वासिङ्टनले टोकियो र सियोलसँग जति धेरै सुरक्षा सहयोग बढाउँछ, त्यति नै उत्तर कोरियाको सैन्य प्रतिकार तीव्र हुनेछ।'दक्षिण कोरियाका 'ज्वाइन्ट चिफ अफ स्टाफ'ले भन्नुभयो, "सेनाले स्थानीय समयअनुसार बिहान १०:४८ बजे काङवोन प्रान्तको वोनसान क्षेत्रबाट छोटो दूरीको ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको पत्ता लगाएको छ।' उक्त क्षेप्यास्त्र ४७ किलोमिटरको उचाईमा करिब २४० किलोमिटर (१५० माइल) उडेको र म्याक-फोर को गतिमा उडेको सेनाले जनाएको छ।

'दक्षिण कोरिया र अमेरिकाले आज आयोजित संयुक्त क्षेप्यास्त्र प्रतिरक्षा अभ्यासमार्फत् आफ्नो बलियो संयुक्त प्रतिरक्षा अवस्थालाई पुनः पुष्टि गरेका छन्,' एक योजनाबद्ध अभ्यासलाई उद्धृत गर्दै विज्ञप्तिमा भनिएको छ।

जापानले पनि उत्तर कोरियाले क्षेप्यास्त्र प्रहार गरेको पुष्टि गरेको छ भने प्रधानमन्त्री कार्यालयले प्योङयाङको ब्यालेस्टिक क्षेप्यास्त्रप्रहारसहितका गतिविधिले हाम्रो देश र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय समुदायको शान्ति र सुरक्षालाई खतरामा पारेको बताएको छ।

प्योङयाङका विदेशमन्त्रीले दिएको वक्तव्यसँग मिल्दोजुल्दो गरी बिहीबारको क्षेप्यास्त्र परीक्षण गरिएको विज्ञहरूले बताएका छन्। सेजोङ इन्स्टिच्युटका अनुसन्धाता चेओङ सियोङ चाङले एएफपीसँग भने,"यो अमेरिका र जापानलाई जवाफ दिने प्रयास हो।' इन्डोनेसियाको बालीमा भएको जी-२० को बैठकका क्रममा उत्तर कोरियामाथि लगाम लगाउन बाइडेनले चिनियाँ राष्ट्रपति सीलाई आफ्नो प्रभाव प्रयोग गर्न आह्वान गर्नुभएको थियो।

# 'एशिया-प्रशान्त क्षेत्र नयाँ शीतयुद्धको विपक्षमा छ'

सिन्ह्वा

ब्याङकक। चिनियाँ राष्ट्रपति सी चिनफिङले बिहीबार एशिया-प्रशान्त क्षेत्र कसैको घरपछाडिको आँगन नभएको बताउँदै यो क्षेत्र ठूला शक्तिको प्रतिस्पर्धाको मैदान बन्न नहुनेमा जोड दिनुभएको छ।

एशिया-प्रशान्त आर्थिक सहयोग (एपेक) का प्रमुख कार्यकारी अधिकृतहरूको शिखर सम्मेलनमा लिखित मन्तव्य व्यक्त गर्दै उहाँले एशिया-प्रशान्त क्षेत्रले आफ्नो भूभागमा नयाँ शीतयुद्ध छेड्ने प्रयासलाई कहिल्यै अनुमति नदिने बताउनुभयो। चिनियाँ राष्ट्रपतिले शान्तिपूर्ण विकास, खुलापन, समावेशी र एकताको बाटो एशिया-प्रशान्त क्षेत्रले अवलम्बन गर्नुपर्नेमा जोड दिनुभयो।

नयाँ घटना र चुनौतीको सामना गर्दै एपेक सदस्यहरूले विगतका अनुभवबाट पाठ सिक्नुपर्ने तथा एशिया-प्रशान्त क्षेत्रीय आर्थिक एकीकरणलाई दृढतापूर्वक अगाडि बढाउनुपर्छ राष्ट्रपति सीले भन्नुभयो। उहाँले विकासको नयाँ आधार निर्माण गर्नका साथै एशियाको साझा भविष्य र उन्नयनका खातिर संयुक्त प्रयासका लागि आह्वान गर्नुभयो।

# आतङ्कवाद पाकिस्तानको सबैभन्दा जटिल समस्या : शहबाज शरीफ

सिन्ह्वा

इस्लामाबाद। पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफले लक्की मारवातमा प्रहरी भ्यानमा भएको आक्रमणको निन्दा गर्दै आतङ्कवाद पाकिस्तानको प्रमुख समस्याका रुपमा रहेको बताउनु भएको छ।

"हामी कुनै गल्ती नगरौं। आतंकवाद पाकिस्तानको प्रमुख समस्यामध्ये एक हो। हाम्रो सशस्त्र बल र प्रहरीले बहादुरीका साथ यो विपत्तिसँग लडेका छन्। लक्की मारवातमा प्रहरी भ्यानमा आतङ्कवारी समूहले गरेको आक्रमणको निन्दा गर्न कुनै शब्द पर्याप्त छैन। मेरो साथ र प्रार्थना शोक सन्तप्त परिवारजनप्रति छ,' सरिफले ट्वीटरमा लेख्नुभएको छ।

पाकिस्तानको खैबर पख्तुनख्वाको लक्की मारवातमा बुधबार आक्रमणमा परी छ जना प्रहरीको मृत्यु भएको पाकिस्तानको डेली टाइम्सले जनाएको छ। पत्रिकाका अनुसार मोटरसाइकलमा आएका दुई विद्रोहीले भ्यानमा गोली चलाएका थिए।

प्रहरीका अनुसार आक्रमणकारीले अब्बासा रोड, वान्डा शाहब खेलस्थित प्रहरी भ्यानमा आक्रमण गरेका थिए। पाकिस्तानका गृहमन्त्री राना सनौल्लाले पनि लक्की मारवातमा प्रहरीमाथि भएको आक्रमणको निन्दा गर्नुभएको छ। उहाँले मुख्य सचिव र प्रहरी महानिरिक्षकसँग खैबर पख्तुनख्वा घटनाको रिपोर्ट मागेको बताउनुभएको छ।

संघीय गृहमन्त्री सनौल्लाले लक्की मारवातमा प्रहरी भ्यानमा भएको आतङ्कवादी आक्रमणको कडा शब्दमा निन्दा गर्दै घटनाप्रति चिन्ता व्यक्त गर्दै प्रहरी कर्मचारीको शहादतप्रति गहिरो दुःख र खेद व्यक्त गर्नुभएको उहाँको कार्यालयले ट्वीटर सन्देशमा लेखेको छ।



घोडाघोडी नगरपालिका-४ का किसान दशरथ साउदको समूहले व्यावसायिक रुपमा गरेको सयपत्री खेतीमा ढकमक्क फूलेको फूल। यस वर्षको तिहारमा मात्र रु १२ लाखको फूल बिक्री गरेको साउद बताउनुहुन्छ। *तस्बिरः रासस*

# पहिलो तीन महिनामा निक्षेप र कर्जा वृद्धिदर सुस्त

काठमाण्डु । चालु आर्थिक वर्षको पहिलो तीन महिनामा निक्षेप र कर्जाको वृद्धिदर सुस्त देखिएको छ । नेपाल राष्ट्र बैंकले बुधबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार असोज मसान्तसम्ममा निक्षेप शून्य दशमलव चार र कर्जा एक दशमलव तीन प्रतिशतले मात्रै बढेको देखिएको हो।

गत आर्थिक वर्षको सोही अवधिमा निक्षेप एक दशमलव दुई र कर्जा सात दशमलव सात प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा भने असोजमा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप आठ दशमलव दुई प्रतिशतले र कर्जा छ दशमलव चार प्रतिशतले बढेको छ।

राष्ट्र बैंकका अनुसार समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाको कुल निक्षेपमा चल्ती, बचत र मुद्दति निक्षेपको अंश क्रमशः सात दशमलव छ प्रतिशत, २६ दशमलव सात प्रतिशत र ५९ प्रतिशत छ।

अघिल्लो आवमा यस्तो अंश क्रमशः सात दशमलव सात प्रतिशत, ३४ दशमलव चार प्रतिशत र ५० दशमलव चार प्रतिशत थियो। असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३७ प्रतिशत छ।

पहिलो तीन महिनामा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये संस्थागत क्षेत्रतर्फ ६३ दशमलव नौ प्रतिशत र व्यक्तिगत तथा घरपरिवार क्षेत्रतर्फ ३६ दशमलव एक प्रतिशत छ। यो अवधिसम्ममा वाणिज्य बैंकको कर्जा प्रवाह एक दशमलव दुई प्रतिशत, विकास बैंकको कर्जा प्रवाह दुई दशमलव छ प्रतिशत र वित्त कम्पनीको कर्जा प्रवाह शून्य दशमलव तीन प्रतिशतले बढेको छ।

बैंक तथा वित्तीय संस्थाले गरिरहेको कर्जा लगानीमध्ये ६६ दशमलव सात प्रतिशत कर्जा घरमा र १२ दशमलव दुई प्रतिशत कर्जा चालु सम्पत्ति (कृषि तथा गैरकृषिजन्य वस्तु)को धितोमा प्रवाह भएको छ।

तीन महिना अवधिमा औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा पाँच दशमलव छ प्रतिशत, सेवा उद्योग क्षेत्रतर्फको कर्जा तीन दशमलव नौ प्रतिशत र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा दुई दशमलव आठ प्रतिशतले बढेको छ।

त्यस्तै थोक तथा खुद्रा व्यापार क्षेत्रको कर्जा दुई शमलव दुई प्रतिशत, निर्माण क्षेत्रको कर्जा एक दशमलव सात प्रतिशत र कृषि क्षेत्रको कर्जा शून्य दशमलव आठ प्रतिशतले बढेको छ।रासस

# आठ वडा तरकारी नमुना गाउँ

दाेधारा चाँदनी। तरकारीको आयातलाई प्रतिस्थापन गर्ने उद्देश्यले सुदूरपश्चिम प्रदेश सरकारले कञ्चनपुरका तीन पालिकामा तरकारीका लागि नमुना गाउँका बनाउन लागेको छ। जिल्लास्थित कृषि ज्ञान केन्द्रका अनुसार चालु आर्थिक वर्षमा यहाँको भीमदत्त नगरपालिका, बेदकोट नगरपालिका र पुनर्वास नगरपालिका भित्रका आठ वटा वडालाई तरकारीको नमुना गाउँ बनाउन प्रदेश सरकारबाट रु दुई करोड बजेट विनियोजन गरिएको छ।

उक्त कार्यालयका प्रमुख डा दिलबहादुर विष्टले अहिले तरकारीका लागि नमुना गाउँको काम भइरहेको बताउनुभयो। "बेमौसमी तरकारी खेतीका लागि पकेट क्षेत्र तोकिएको छ र कमैया बस्तीमा तरकारी खेती प्रवर्द्धन कार्यक्रम भनेर काम गरिरहेका छौँ।" उहाँले भन्नुभयो -"दलित तथा अपाङ्गतालाई पनि समेट्ने गरी कार्यक्रम सञ्चालन गरिरहेका छौँ।"

विभिन्न क्षेत्रमा छरिएर रहनुभन्दा एउटै ठाउँमा नमुना तरकारी गाउँ बनाउन लागिएको प्रमुख विष्टले बताउनुभयो। "एउटा गाउँमा राम्रो गरे अर्को पालिकाले पनि त्यसको सिको गर्छ र तरकारी खेती बढ्दै जान्छ।" उहाँले भन्नुभयो- "सङ्घ र प्रदेश सरकारबाट तरकारी कार्यक्रमका लागि रु दुई करोड बजेट आएको छ।" उक्त नमुना गाउँमा किसानलाई विषादीरहित तरकारी उत्पादनमा प्रेरित गर्ने गरिएको प्रमुख विष्टले बताउनुभयो। यसले स्थानीयस्तरका किसानलाई आत्मनिर्भर बनउनाका साथै बजारमा तरकारीको माग बढ्ने तथा स्वास्थ्यका लागि समेत लाभदायी हुने उहाँले जानकारी दिनुभयो।

अन्य बालीभन्दा तरकारीमा बढी फाइदा हुन थालेपछि किसान पनि तरकारी खेतीमा आकर्षित भएका छन्। कञ्चनपुरको भीमदत्त नगरपालिका-१४ का ४१ वटा राना परिवार सबैले तरकारी खेती गर्दै आएका छन्। कृषि ज्ञान केन्द्रको प्राविधिक सहयोग पाएपछि समुह बनाएर व्यावसायिक तरकारी खेतीको सुरुवात गरिएको यहाँका किसान नाथुराम रानाले बताउनुभयो।

"पचहत्तर बोट बैगुन लगाएर तरकारी खेती सुरु गरेँ।" उहाँले भन्नुभयो, "अहिले खेती विस्तार गर्दै १५ कट्ठामा पुऱ्याएको छु।" यहाँका किसानले दुई कट्ठादेखि दुई-तीन बिघासम्म जमिनमा तरकारी खेती गरिराखेको कृषक रानाले बताउनुभयो। "हामी राना परिवारको मुख्य आम्दानीको स्रोत नै तरकारी खेती हो।" उहाँले भन्नुभयो-"यसैबाट आएको आम्दानीले घरखर्च र छोराछोरीको पढाइखर्च व्यहोर्दै आएका छौँ।"

डेढ दशकदेखि तरकारी खेतीमा लाग्नुभएका सुदामा रानाले अन्यबालीभन्दा तरकारीमा फाइदा हुने भएपछि तरकारी खेती नै रोजेको बताउनुभयो।"मेहनत गर्न सक्यो भने अन्य बालीको तुलनामा तीन गुणाभन्दा बढी फाइदा हुन्छ।" उहाँले भन्नुभयो- "कहिलेकाहीँ बजार समस्याले चुनौती थपिदिन्छ।" भारतबाट आउने तरकारीले स्थानीय उत्पादनमा समस्या पार्ने गरेको कृषक सुदामाले गुनासो गर्नुभयो।

त्यसैगरी तरकारी खेतीमा लाग्नुभएकी मीना रानाले पनि तरकारी खेतीबाट मनग्य आम्दानी गरिरहेको बताउनुभयो। "बजारमा स्थानीय उत्पादनलाई हेला गर्ने परम्परा छ।" उहाँले भन्नुभयो-"हामीले विषादीरहित तरकारी उत्पादन गर्छौं यहाँ राम्रोभन्दा पनि सस्तो हेर्छन्।" मीनाले विभिन्न समस्या हुँदा पनि एक दशकदेखि निरन्तर तरकारी खेती गरिराखेको छु भन्नुभयो।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको छेउमा रहेको यो वस्तीमा राना समुदायले होमस्टे पनि सञ्चालनमा ल्याएका छन्। यहाँ आउने पर्यटकलाई आफ्नै बारीको उत्पादनको स्वाद दिलाउँदा सुखी भएर जानेको गरेको उहाँको भनाइ थियो।

तरकारी खेतीमा लाग्नुभएका कैलाशु राना पनि यसैबाट घरपरिवारको गर्जो राम्रैसँग चल्दै आएको छ भन्नुभयो। "तरकारी उत्पादन गरेर महेन्द्रनगर बजारमा बिक्री गर्दा राम्रै फाइदा हुन्छ।" उहाँले बताउनुभयो-"तरकारीबाट वार्षिक रु दुईदेखि तीन लाखसम्म फाइदा हुने गरेको छ।" यहाँ तरकारी खेती गर्ने अधिकांश राना समुदायका महिला नै बढी छन्। पुरुष अन्य काम गर्न जाने र घरमा महिलाले तरकारी खेती गरी घरखर्चका लागि जोहो गर्ने गरेको उनीहरू बताउँछन्।

गाउँमा उत्पादन भएको तरकारी बैलगाडा, मोटरसाइकल र टाउँकामा बोकेर बेच्न महेन्द्रनगर बजारसम्म पुग्ने गरेको किसान बताउँछन्। रासस



# कर दिवस साताव्यापी रूपमा मनाइँदै, गत वर्ष थपिए साढे सात लाख करदाता

काठमाण्डु । राष्ट्रिय कर दिवस साताव्यापी रूपमा मनाइने भएको छ । आन्तरिक राजस्व विभागले आजदेखि एक हप्तासम्म विभिन्न कार्यक्रम गरेर कर दिवस मनाउन लागिएको जानकारी दिएको छ।

विभागका महानिर्देशक रितेशकुमार शाक्यले राष्ट्रिय कर दिवसका अवसरमा हरेक करदाता कार्यालयले प्रथम करदातालाई सम्मान गर्ने, उद्योगी व्यवसायीलगायत करदाताका छाता सङ्गठनसँग विभिन्न छलफल तथा अन्तरक्रियालगायत विभिन्न कार्यक्रम गर्न लागिएको बताउनुभयो।

यसवर्षको कर दिवसको नारा "स्वेच्छिक सहभागितासहितको फराकिलो कराधार : दिगो र उत्पादनमुखी अर्थतन्त्रको आधार रहेको छ । करदाता आफैले स्वेच्छिक रूपमा कर तिर्न अभिप्रेरित गर्ने र कर भुक्तानी प्रणालीलाई प्रविधिमैत्री बनाउने गरी विभागले काम गरिरहेको महानिर्देशक शाक्यले बताउनुभयो।

"कर तिर्ने प्रक्रियालाई प्रविधिमैत्री बनाउने र दर्तादेखि अन्तिमसम्मको काममा करदाता भौतिकरूपमा उपस्थित हुन नपर्ने अवस्था बनाउन काम काम गरिरहेका छौँ," उहाँले भन्नुभयो । कर भुक्तानी प्रणाली सुधारका लागि विभागले अन्तर्राष्ट्रिय मुद्रा कोषको सहयोगमा "ट्याक्स एड्मिनिस्ट्रेसन डायग्नोस्टिक एसेस्मेन्ट टुल" (टाडाट) र जर्मन सहयोग नियोगको सहयोगमा विजनेस प्रोसेस इञ्जिनियरिङ (बिपिआर) गरिरहेको छ। "कर प्रणालीको आधुनिकिकरण र सुधारका लागि काम भइरहेको छ । करदाताले पेसा गर्नुपर्ने विवरणको अनुसूची परिवर्तन गरेको छौँ । त्यसले गर्दा करछली कम हुने हाम्रो अनुमान छ", महानिर्देशक शाक्यले भन्नुभयो।

विभागअन्तर्गत ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, ४३ वटा आन्तरिक राजस्व कार्यालय र ३९ वटा करदाता कार्यालयसमेत गरी जम्मा ८४ वटा कार्यालय छन् । विभागका अनुसार गत असार मसान्तसम्ममा व्यावसायिक र व्यक्तिगत स्थायी लेखा नम्बर लिएका करदाताको सङ्ख्या ४८ लाख १२ हजार सात सय १७ पुगेको छ।

विसं २०७८ असार मसान्तसम्ममा यस्तो सङ्ख्या ४० लाख ४९ हजार एक सय नौ थियो । अर्थात् गत आर्थिक वर्ष २०७८/७९ मा मात्रै सात लाख ६३ हजार छ सय आठ करदाता थपिएका छन्। अब व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको सङ्ख्या १७ लाख ६२ हजार चार सय १३ पुगेको छ। व्यक्तिगत स्थायी लेखा नम्बरतर्फ ३० लाख ५० हजार तीन सय चार करदाता छन्। गत आर्थिक वर्षमा व्यावसायिक स्थायी लेखा नम्बर (बी-पान)तर्फ दुई लाख ११ हजार आठ सय ६६ करदाता र व्यक्तिगत स्थायी लेखा नम्बरतर्फ पाँच लाख ९६ हजार तीन सय ७२ करदाता करको दायरामा ल्याइएको विभागले जनाएको छ।

***कर भुक्तानी प्रणाली सुधारका लागि विभागले अन्तर्राष्ट्रिय मुद्रा कोषको सहयोगमा "टचाक्स एड्मिनिस्ट्रेसन डायग्नोस्टिक एसेस्मेन्ट टुल" (टाडाट) र जर्मन सहयोग नियोगको सहयोगमा विजनेस प्रोसेस इञ्जिनियरिङ (बिपिआर) गरिरहेको छ।***

सरकारको गत आर्थिक वर्षमा कूल राजस्व सङ्कलन रु १० खर्ब ६७ अर्ब ९५ करोड रहेको थियो। जसमा आन्तरिक राजस्वको हिस्सा मात्रै ४४ प्रतिशत बराबर रहेको छ। आन्तरिक तर्फ रु पाँच खर्ब ३७ अर्ब ९४ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य सरकारको रहेकोमा रु चार खर्ब ८३ अर्ब ४८ करोड असूली भएको थियो। जुन वार्षिक लक्ष्यको ८९ दशमलव ८८ प्रतिशत बराबर हो। यद्यपि, अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षको राजस्व वृद्धिदर १२ दशमलव ५९ प्रतिशतले बढी हो।

गत आर्थिक वर्षमा आन्तरिक राजस्वको शीर्षकगत असूलीको प्रतिशत हेर्दा सबैभन्दा बढी आयकरको ४७ दशमलव ४२ प्रतिशत योगदान रहेको छ। त्यस्तै, मूल्यअभिवृद्धि करको योगदान २३ दशमलव ९६ प्रतिशत र अन्तःशुल्कको योगदान २१ दशमलव ३० प्रतिशत रहेको छ।

ब्याज करको योगदान पाँच दशमलव ११ प्रतिशत छ भने बहाल करको योगदान शून्य दशमलव ६४ प्रतिशत रहेको छ। स्वास्थ्य सेवा करको अंश एक दशमलव ३० प्रतिशत र शिक्षा शुल्क कर शून्य दशमलव २६ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा ठूला करदाता कार्यालयबाट ३८ प्रतिशत, मध्यमस्तरीय करदाता कार्यालयबाट छ प्रतिशत तथा आन्तरिक राजस्व कार्यालयबाट ५६ प्रतिशत आन्तरिक राजस्व सङ्कलन भएको विभागले जनाएको छ।

त्यसैगरी, गत आर्थिक वर्षको अनुमानित राष्ट्रिय कूल ग्राहस्थ उत्पादन (उत्पादन मूल्यमा) रु ४८ खर्ब ५१ अर्ब ६२ करोडसँगको तुलनामा कर राजस्वको योगदान २० दशमलव २९ प्रतिशत छ। जसमा मूल्य अभिवृद्धि कर, आयकर र अन्तःशुल्कको अनुपात क्रमशः छ दशमलव ४८ प्रतिशत, पाँच दशमलव ३६ प्रतिशत, पाँच दशमलव ३६ प्रतिशत र तीन दशमलव ४४ प्रतिशत छ।रासस

# नेप्से परिसूचकमा दोहोरो अङ्कले वृद्धि

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक २५ दशमलव ५७ अङ्कले उकालो लागेर एक हजार नौ सय ३६ दशमलव ८३ मा पुगेको छ। निर्वाचनको माहोल अन्तिम चरणमा पुगेसँगै नेप्सेमा सकारात्मक प्रभाव देखिएको हो।

यस्तै, ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक चार दशमलव ४९ अङ्कले उकालो लागेर तीन सय ८१ दशमलव शून्य छ मा पुगेको छ। कूल दुई सय २३ कम्पनीको ४३ लाख ८४ हजार चार कित्ता शेयर रु एक अर्ब ७१ करोड ५४ लाख १९ हजार दुई सय ८६ बराबरको कारोबार भयो। आजको कारोबारपछि बजार पूँजीकरण रु २७ खर्ब ८६ अर्ब दुई करोड ३४ लाख ५१ हजार तीन सय ८७ बराबर रहेको छ। नेप्सेका अनुसार कारोबार भएका कूल १३ उपसमूहकै शेयर मूल्य उकालो लागेको छ। कारोबारका आधारमा रिडी पावर कम्पनी शीर्ष स्थानमा छ। सो कम्पनीको रु १४ करोड ३९ लाख १५ हजार नौ सय ७२ बराबरको कारोबार भयो।

त्यस्तै शिवम् सिमेन्ट रु १३ करोड ४० लाख २७ हजार दुई सय ८८, हिमालयन डिस्टिलरी रु १० करोड २९ लाख ६३ हजार आठ सय ७३, फरवार्ड माइक्रोफाइनान्स रु सात करोड ९० लाख ६५ हजार दुई सय ७४ र हिमालयन पावर पार्टनर रु छ करोड १३ लाख २६ हजार आठ सय ३२ बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन्। नेप्सेका अनुसार सिकेलेस हाइड्रोपावर र सयपत्री हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। बोटलर्स नेपाल तराई सात दशमलव ५१, रिडी पावर कम्पनी छ दशमलव शून्य तीन र पञ्चकन्या माई हाइड्रोपावरका लगानीकर्ताले पाँच दशमलव ९९ प्रतिशतले कमाएका छन्।

त्यस्तै, फरवार्ड माइक्रोफाइनान्स दुई दशमलव ९७, इमर्जिङ नेपाल एक दशमलव ८७, तारागाउँ रिजेन्सी होटल एक दशमलव ६९, समता घरेलु लघुवित्त एक दशमलव ४० र युनिलिभर नेपालका लगानीकर्ताले शून्य दशमलव ९६ प्रतिशतले गुमाएका छन्।रासस

# तोलामा चार सयले घट्यो सुनको मूल्य

काठमाण्डु। सुनचाँदी बजारमा विहीवार छापावाल सुनको मूल्य अघिल्लो दिनको कारोबारको तुलनामा प्रतितोला रु चार सयले घटेको छ। अघिल्लो दिन प्रतितोला रु ९८ हजार चार सयमा कारोबार भएको सुनको मूल्य विहीवार प्रतितोला रु ९८ हजार तोकिएको हो।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणानुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु ९७ हजार पाँच सय छ। यसको मूल्य अघिल्लो दिन प्रतितोला रु ९७ हजार नौ सय थियो।

त्यस्तै विहीवार चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला रु १० ले घटेर रु एक हजार दुई सय ८५ तोकिएको महासङ्घले जनाएको छ।

महासङ्घले अन्तर्राष्ट्रिय बजारको सुन तथा चाँदीका कारोबार मूल्यका आधारमा यहाँ दैनिक मूल्य तोक्दै आएको छ।रासस

# ल्याण्डफिल्ड निर्माणका विषयमा निर्णय भएको छैन : प्रमुख आचार्य

पोखरा । नागरिक उड्डयन प्राधिकरणले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सन् २०२३ जनवरी १ बाट सञ्चालनमा ल्याउने तयारी गरेको छ। विमानस्थलबाट बुध्द एयरले जनवरीदेखि भारतका विभिन्न गन्तव्यमा उडान गर्ने भन्दै विज्ञप्ति जारी गरिसकेको छ। यद्यपि विमानस्थलको मुख्य चुनौतीका रूपमा रहेको ल्याण्डफिल साइट कहाँ सार्ने भन्ने विषयमा महानगरले अझै टुङ्गो लगाउन सकेको छैन।

पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले ल्याण्डफिल्ड साइट व्यवस्थापनका लागि उपयुक्त स्थानको खोजी गरिरहेको र तत्काल कुनै पनि स्थानका बारेमा निर्णय गरिनसकेको स्पष्ट पार्नुभएको छ। सामाजिक सञ्जालमा ल्याण्डफिल साइडका स्थानका बारेमा विभिन्न धारणा सार्वजनिक भएपछि प्रमुख आचार्यले तत्काल कुनै निर्णय नभएको भनि स्पष्ट पार्नुभएको हो।

"ल्याण्डफिल्ड साइट व्यवस्थापन हाम्रा लागि चुनौतीको विषय हो यस विषयमा विभिन्न सात स्थानमा अध्ययन गरिसकेका छौँ, तर यही ठाउँ भन्ने कुराको निर्णय भइसकेको छैन", आचार्यले भन्नुभयो "हामी विभिन्नस्थानको खोजीमा रहँदा स्थानीयवासीले अनुमान गर्नुभएको हुनसक्छ र त्यही आधारमा सामाजिक सञ्जालमा चर्चा गरिएको हुनसक्छ, तर हामीले ल्याण्डफिल्ड साइट व्यवस्थापन गर्ने स्थानको यकिन गरिसकेका छैनौँ।" उहाँले ल्याण्डफिल्ड साइटको विषयमा महानगर निकै गम्भीर भएको र छिट्टै स्थानको टङ्गो लगाउने समेत बताउनुभयो। उहाँले अब बन्ने ल्याण्डफिल्ड साइट व्यवस्थित तवरबाट प्रशोधन केन्द्रसहित राखिने त्यस विषयमा सार्वजनिक सुनुवाइ नै गरेर जानकारी दिनुभयो।

पोखराको फोहर व्यवस्थापनदेखि अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनसम्मका महत्वपूर्ण कुरा सबै पोखरेलीको साझा विषय भएकाले सबैको साथ र समर्थन आवश्यकपर्ने उहाँको भनाइ छ।

राजनीतिक दल, स्थानीय सामाजिक सङ्घ संस्था, नागरिक समाज सबैले यसको अपनत्व लिने गरी महानगरले काम गर्न उहाँको भनाइ छ। आचार्यले भौतिक निर्माण सम्पन्न भएको विमानस्थलमा क्यालिब्रेसन फ्लाइटको अन्तिम तयारीका लागि हाल रिठ्ठेपानीडाँडा कटानको काम भइरहेको बताउनुभयो । डाँडाको माटोले ल्याण्डफिल साइट पुर्ने र तत्काल अल्पकालीन र केही दीर्घकालीन रुपबाट ल्याण्डफिल्ड साइटको व्यवस्थापन गरिने उहाँको भनाइ छ।

विमानस्थल नजिक रहेको ल्याण्डफिल साइटका कारण गिद्धलगायत चराको आवागमन बाक्लो रहेको र यसले उडानलाई प्रभावित गर्ने विज्ञहरूले बताउँदै आएका छन्। केही दिन अघिमात्र उक्त विमानस्थलको रनवेमा गिद्ध बस्दै गरेको तस्बिर सामाजिक सञ्जालमा भाइरल भएको थियो।रासस

# चार महिनामा बजेट खर्च साढे १९ प्रतिशत

काठमाण्डु । चालु आर्थिक वर्षको पहिलो चार महिनामा सरकारी बजेट खर्च साढे १९ प्रतिशत मात्रै भएको छ। महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कअनुसार कात्तिक मसान्तसम्म रु तीन खर्ब ५० अर्ब ९८ करोड ७३ लाख खर्च भएको हो। जुन वार्षिक विनियोजित बजेटको १९ दशमलव ५७ प्रतिशत बराबर हो।

यस अवधिमा चालुतर्फ २३ दशमलव ७८ प्रतिशत बजेट खर्च भएको छ। चालु आवका लागि चालु शीर्षकमा रु ११ खर्ब ८३ अर्ब २३ करोड ५१ लाख बजेट बिनियोजन भएकोमा कात्तिक मसान्तसम्ममा रु दुई खर्ब ८१ अर्ब ३८ करोड ६१ लाख खर्च भएको हो। त्यस्तै, पुँजीगततर्फ रु तीन खर्ब ८० अर्ब ३८ करोड ४५ लाख बजेट बिनियोजन भएकोमा हालसम्म छ दशमलव ९१ प्रतिशत अर्थात् रु २६ अर्ब २९ करोड ६१ लाख बराबर खर्च भएको छ।

वित्तीय व्यवस्थापन शीर्षकमा रु दुई खर्ब ३० अर्ब २१ करोड ७७ लाख बराबरको वार्षिक बजेट रहेकोमा अहिलेसम्म १८ दशमलव ८१ प्रतिशत अर्थात् रु ४३ अर्ब ३० करोड ५१ लाख खर्च भएको छ। रासस






**गुरू भन्दा चेला भारी** : जसपा अध्यक्ष उपेन्द्र यादवले गरेको चुनावी जनसभा सप्तरीको राजविराजमा र धनुषा क्षेत्र नम्बर ४ को 'क' का प्रदेशसभा सदस्यका उम्मेदवार शेषनरायण यादवको चुनावी आमसभा लक्ष्मीनियाँ बजारमा भएको छ। तस्विर : टुडे

# चुनावप्रति आम सप्तरीवासीमा ठूलो उत्साह : यादव

**टुडे समाचारदाता**

सप्तरी । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले चुनावप्रति आम सप्तरीवासी र समग्र जनतामा ठूलो उत्साह रहेको बताएका छन् ।

सञ्चारकर्मीसंग कुराकानी गर्दै उनले संघीयतालाई परिस्कृत गर्दै संस्थागत गर्न, अधिकार र पहिचानको संघर्षलाई मूर्तरुप दिन, संविधान संशोधन गर्न, आफ्नै मुलुकमा नागरिकताबाट वञ्चित मधेशी युवाहरूको नागरिकता समस्या समाधान गर्ने लगायतका दृष्टिले आगामी चुनाव निकै महत्वपूर्ण रहेको भनि आम मधेशीको बुझाइ रहेको बताए ।

उनले भने, "आफ्नो भाग्य र भविष्यका लागि आम मधेशी आफ्नो संघर्ष अझै जारी राखेका छन् र ती संघर्षका उपलब्धिलाई संरक्षित गर्दै थप उपलब्धि प्राप्त गर्न आगामी मङ्सिर ४ को निर्वाचन निकै महत्व राख्छ ।"



लोकतान्त्रिक समाजमा आम मतदाताको सबैभन्दा ठूलो शक्ति नै मतदान हो भन्दै अध्यक्ष यादवले भने, "आम नेपालीले गरेको कठोर संघर्ष र त्यागको फलस्वरुप हामीले लोकतन्त्र, गणतन्त्र, सङ्घीयता, धर्म निरपेक्षता लगायतका उपलब्धि प्राप्त गर्न सकेका छौं र यी उपलब्धिलाई जोगाएर राख्दै संस्थागत गर्न मताधिकारको प्रयोग सबैभन्दा आवश्यक नरहेको तथ्य हामी कसैबाट लुकेको छैन ।"

अध्यक्ष यादवले राजनीतिक उपलब्धि समाप्त पार्न विभिन्न खाले षड्यन्त्रसमेत भइरहेको भन्दै आम मतदातालाई सचेत हुन आग्रह गरे ।

"चुनाव भनेकोलोकतन्त्रको महापर्व हो, यसमा सहभागी भएनौँ भने हामी कस्तो लोकतन्त्रवादी ?", यादवले भने, "लोकतन्त्र, संघीयता, धर्म निरपेक्षता जोगाउनु छ भने मतदानमा सहभागी हुनैपर्छ ।" उनले मुलुकको भाग्य र भविष्य निर्धारण गर्ने समय निर्वाचन भएको भन्दै मतदानमा उत्साहका साथ सहभागी हुनुपर्ने बताए ।

उनले आगामी चुनावबाट जसपा मधेशको मुख्य पार्टी मात्रै नभइ राष्ट्रिय राजनीतिकै मुख्य शक्तिमध्ये एक हुने दाबी गरे । मधेशको नाममा नानाथरिका षड्यन्त्र गर्ने दललाई थ्रेसहोल्ड जोगाउन पनि गाह्रो हुने बताउँदै यादवले भने, "जसपालाई आम मतदाताले उसको नीति सिद्धान्त तथा विगतका दिनमा गरेका कामको आधारमा रुचाएको छन्, हामी झुठो आश्वासन बाँड्ने काम गरेका छैनौं ।"

राजविराजमा रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान, मधेश कृषि विश्वविद्यालय, नर्सिङ कलेज भवन निर्माण, इञ्जिनीयरिङ कलेज भवन निर्माण लगायतका काम सप्तरीको पुरानो पहिचानलाई पुनःस्थापित गर्न गरिएका प्रयास भएको उनले बताए ।

उनले जनप्रतिनिधिले गरेका कामको मूल्याङ्कन संघर्षको स्मरण, मधेशको पहिचान र स्वाभाविमानको संघर्ष, योगदानको मूल्यांकन गर्दै लोकतन्त्रको महापर्वमा उत्साहका साथ मतदानमा सहभागी हुन आग्रह गरेका छन् ।

# 'पैसाको बलमा जनमत किन्नु गलत सोच हो'



**अनिल तिवारी**

वीरगञ्ज । सुरक्षा चुनौती बढेकोले स्थानीय प्रशासन र निर्वाचन आयोगलाई सम्वेदनशील बन्न पर्सा क्षेत्र नं १ का प्रतिनिधिसभाका उम्मेदवार अजय द्विवेदीले आग्रह गरेका छन ।

वीरगञ्जमा बिहीबार पत्रकार सम्मेलनको आयोजना गरी द्विवेदीले यस्तो आग्रह गरेका हुन । मौन अवधि सुरु हुदै गर्दा रातको समयमा भारतीय नम्बर प्लेटका गाडीहरु गुडिरहेको,घर घरमा रकम वितरण गर्न थालिएकोले स्थानीय प्रशासन र निर्वाचन आयोगलाई सम्वेदनशील हुन आग्रह गरेका छन् ।

उनले भने 'स्थानीय प्रशासनलाई भनेका छन 'मेरो गाडी, मेरो घर, मसंग रहेका कार्यकर्ताहरुको खान तलासी गरौ , शुरुवात म बाट गर्नुहोस तर नागरिकलाई निष्पक्ष र भयरहित रुपमा आफनो अभिमत प्रकट गर्ने वतावरण बनाईदिनुहोस' ।

नेता द्विवेदीले जनताको लोकतन्त्रका लागि आफनो उम्मेदवारी भएको र सबै नागरिकले आफूलाई सम्झेर निर्वाचनरुपी यो संग्राममा भाग लिन अपिल गरेका छन ।

उनले पर्साको क्षेत्र नं १ का जनता राजनीतिक रुपमै बदलावको पक्षमा रहेका छन । पार्टी र उम्मेदवार भन्दा नागरिक अगाडि छन नागरिकले यसपालि आफनो अभिमत निष्ठा र जितका लागि ब्यक्त गर्ने आफूमा विश्वास रहेको बताए ।

द्विवेदीले दल नदेखिने गुट देखिने गुट भित्र पनि यो वा त्यो देखिने, दल भित्र जनताको आवाज नबोलिने नदेखिने अहिलेको अवस्थामा स्वतन्त्र उम्मेदवारप्रति जनताको आकर्षण छ त्यसैले दलहरुको लागि पनि आफ्नो उम्मेदवारी दबाबपूर्ण हुने बताए ।

उनले नागरिक अहिले राजनीतिमै परिवर्तन खोजिरहेका छन,जनता आफै अगाडि बढेर आफनो राजनीतिको दिशा तय गर्ने छन,जनताको अहिलेको मुड यही छ कुनै पनि अवरोध र षडयन्त्रले नागरिकको यो भावमा परिर्वतन नआउने अवस्था देखिएको बताए ।

# निर्वाचनमा सुरक्षा व्यवस्था कडा पारिएको छ : सिडिओ शाही

**ओम प्रकाश यादव**

रौतहट । मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको लागि रौतहटको सुरक्षा व्यवस्था यसपालि अत्यन्त कडा पारिएको छ ।



भारतको बिहारसँग खुला सीमा जोडिएको रौतहटमा मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन स्वच्छ, निष्पक्ष र धाँधली रहित वातावारणमा सम्पन्न गर्न जिल्लाको सुरक्षा व्यवस्था कडा पारिएको स्थानीय प्रशासनले जनाएका छन् ।

कमजोर सुरक्षा व्यवस्थाका कारण गत बैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा मतपेटिका लुटनेदेखि लिएर अधिकांश ठाउँमा वादविवाद, झड्प तथा धाँधलीसमेत भएकोले यसलाई मध्य नजर गर्दै अबदेखि फेरि यस्ता कार्य दोहोरिन नदिने गरी जिल्लाको सुरक्षा व्यवस्था कडा पारिएको जिल्ला सुरक्षा समितिले जनाए ।

यसअघि स्थानीय तहको निर्वाचनमा सुरक्षा व्यवस्था फितलो हुँदा यमुनामाई गाउँपालिका - २ भेडियाही स्थित मतदान केन्द्रमा मतपेटिका नै लुटिएको थियो भने जिल्लाको अधिकांश ठाउँमा धाँधली भएको थियो ।

> **यसअघि स्थानीय तहको निर्वाचनमा सुरक्षा व्यवस्था फितलो हुँदा यमुनामाई गाउँपालिका – २ भेडियाही स्थित मतदान केन्द्रमा मतपेटिका नै लुटिएको थियो भने जिल्लाको अधिकांश ठाउँमा धाँधली भएको थियो ।**

गत बैशाख ३० गते सम्पन्न भएको स्थानीय तहको चुनावमा शान्ति सुरक्षा तथा अमनचयन कायम गर्न असफल भइ बदनाम भएका नेपाल प्रहरी यस प्रतिनिधिसभा र प्रदेशसभाको चुनावमा कुनै प्रकारको होहल्ला, वादविवाद, झैझगडा तथा धाँधली हुन नदिने गरी विशेष सुरक्षा योजना बनाएको जनाएको छ ।

यसपटक निर्वाचन सुरक्षामा झन्डै १० हजार सुरक्षाकर्मीहरु परिचालित गरिएका छन् । जिल्लामा निर्वाचन लक्षित सुरक्षाको भरपर्दो व्यवस्था मिलाइएको प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर शाहीले दाबी गरेका छन् ।

निर्वाचन स्वच्छ, निष्पक्ष, धाँधलीरहित र भयरहित वातावरणमा सम्पन्न गर्न तीन तहमा सुरक्षा परिचालनको तयारी गरिएको छ ।

भौगोलिक अवस्थिति, सामाजिक परिवेश, आपराधिक गतिविधिलगायतका आधारमा मतदान स्थल र मतदान केन्द्रलाई तीन तहमा वर्गीकरण गरी सोहीअनुरूप सुरक्षा व्यवस्था भरपर्दोपारिएका उनले बताए ।

यसै वर्गीकरणको आधारमा जिल्लाभरिका ४ वटै निर्वाचन क्षेत्रका मतदान स्थल र मतदान केन्दमा सुरक्षा बन्दोवस्त मिलाइएको छ ।

# सकियो उम्मेदवारको प्रचारप्रसार



**टुडे समाचारदाता**

जनकपुरधाम । बिहीबार मध्य रातिदेखि मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको प्रचारप्रसार बन्द हुँदै छ । विहीबार दिउसो सबै उम्मेदवारले अन्तिम चुनावीसभा आयोजना गरेका छन् । उम्मेदवारहरु आमसभा गरी औपचारिक रुपमा मतदाता आफ्नो पक्षमा तान्ने प्रयास गरेका छन् ।

निर्वाचन क्षेत्र ४ लक्ष्मीनियाँ गाउँपालिकामा पाँच दलीय गठबन्धनले बृहत् चुनावी आमसभा गरेका थिए । सभामा शीर्ष नेताहरुले पनि सम्बोधन गरी गठबन्धनको पक्षमा मतदान गर्न आग्रह गरेका थिए । कार्यक्रममा नेपाली कांग्रेसका नेता विमलेन्द्र निधि, नेकपा माओवादी केन्द्रका नेता तथा निर्वाचन क्षेत्र १ का उम्मेदवार मातृका प्रसाद यादव र काँग्रेस नेता आन्नद ढुङ्गनासमेतको सहभागिता रहेको थियो ।

यस्तै, निर्वाचन क्षेत्र ३ जनकपुरधाम उपमहानगरपालिका ७ पेठिया बजारस्थित पाँच दलीय गठबन्धनका उम्मेदवार अनिल झाले चुनावी सभा आयोजना गरेका थिए ।

उनको सभा सकिएको केही समयपछि सोही बजारमा नेकपा एमालेकी उम्मेदवार जुली कुमारी महतोलेकोण सभा गरेकी थिइन् । उनले पनि एमाले-जसपा गठबन्धनको उम्मेदवारको पक्षमा मतदान गर्न अनुरोध गरेकी थिइन् । जनकपुरधाममा तराई मधेश लोकतान्त्रिक पार्टीका उम्मेदवार असगर अलिले कलश यात्रा निकालेका थिए ।

डा. सिके राउत नेतृत्वको जनमत पार्टीले पनि जनकपुरधाममा र्‍याली निकालेका थिए । जनमतको उम्मेदवार इन्जिनियर शम्भुनाथ साहसहित पार्टीका नेता तथा कार्यकर्ताहरु घरदैलो सम्पन्न भएपछि क्षेत्रको परिक्रमा गरेका थिए । निर्वाचन क्षेत्र १ मा पनि पाँच दलीय गठबन्धनले चुनावी सभा गरेका थिए ।

बिहीबार मध्य रातिदेखि प्रचारप्रसार बन्द हुँदै छन् । मतदान हुने दिन भन्दा ४८ घण्टा अघिदेखि मतगणनाको काम पूरा नभएसम्म निर्वाचन प्रचारप्रसार लगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा सम्मेलन, कार्यशाला गोष्ठी तथा मस्तिस्क मन्थन लगायतका कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न नपाउने निर्वाचन आयोगले जनाएको छ ।

यस अवधिमा सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसार सामग्री पोष्ट वा शेयर गर्न वा गराउन समेत नपाइने व्यवस्था छ। मतदातालाई पनि कुनै पनि प्रकारले प्रलोभनमा पार्न नपाउने कानूनी व्यवस्था रहेको छ ।







जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११७१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ११/०५७/५८